**बाढीपहिरोबाट जोगिऔं**
- जथाभावी सडक निर्माण र वनविनाशले बाढीपहिरो निम्त्याउने हुँदाः
- वृक्षारोपण गरौं, वनजङ्गल जोगाऔं, बाढीपहिरो नियन्त्रण गरौं ।
- पहिरोको जोखिम भएका क्षेत्र तथा नदी किनारमा रूख, बाँस, निगालोजस्ता भूक्षय रोक्ने खालका बिरुवा रोपौं र संरक्षण गरौं ।
- आफ्नो बस्ती तथा समुदायको रक्षा गरौं ।
- बाढी तथा पहिरो गएको सूचना तल्लो तटीय क्षेत्रमा दिऔं ।

बाढीपहिरोबाट आफू पनि बचौं अरूलाई पनि बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY

# प्रतीक

दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily.com




निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com

❖ वर्ष ३६ ❖ २०८० असार १४ गते बिहीवार // मृत भस्म नबन्दैमा भिित्को भैकन बल्नुछ // 2023 June 29 Thursday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क २९९

## १६ हजारको औषधी ६१ हजारमा बिक्री इजाजत दिएको खुलासा

# औषधी व्यवस्था विभाग र फर्माकेम एकले अर्कालाई जोगाउँदै

प्रस, वीरगंज, १३ असार/

औषधी व्यवस्था क्षेत्रीय कार्यालय वीरगंजका प्रमुख किरण बज्राचार्यले फर्माकेम प्रालि वीरगंजमा छापा मारी सोसम्बन्धी प्रतिवेदन विभागमा पठाइसकेको बताएका छन् ।

यही असार १ गते औषधी व्यवस्था विभाग र वीरगंजस्थित क्षेत्रीय कार्यालयले रक्त क्यान्सरको उपचारमा प्रयोग हुने रिटक्सइरेल खोप आयातकर्ता कम्पनी फर्माकेम प्रालिको काठमाडौंस्थित कार्यालय र वीरगंजस्थित फर्माकेम प्रालिको केन्द्रीय कार्यालयमा एकैसाथ छापामारी गरेको थियो । छापामारीको क्रममा विभागको टोलीले २०७८ साल माघदेखि फर्माकेम प्रालिले बिक्री गरेको रिटक्सइरेल खोपको बिलबिजक नियन्त्रणमा लिएको थियो ।

क्षेत्रीय कार्यालय वीरगंजका प्रमुख बज्राचार्यले आफ्नो अनुसन्धानमा भारतीय कम्पनी रिलायन्स लाइफ साइन्सले औषधीमा भारु ३५ हजार अधिकतम बिक्री मूल्य तोकेको र सोको परिधिमा रहेर आयातकर्ताले औषधी बिक्री गरेको र सोही अनुरूपको प्रतिवेदन पठाइएको बताए । आयातकर्ता वीरगंजस्थित फर्माकेमले भने ०७८ माघमा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भन्सार कार्यालयमा आयात गरेर ल्याउने रिटक्सइरेल खोपको मूल्य नेरु १६,५६०



तस्वीरः फाइल

र भारु १०,३५० कायम गरी प्रज्ञापनपत्र भरेको थियो । तर औषधी व्यवस्था विभागले आयात भएर आएको औषधीको बट्टामा प्रिन्ट भएको दर अनुसार सो खोप अधिकतम ६१ हजार ६६६ मा बिक्री गर्न इजाजत दिएको थियो ।

विभागले आयातकर्ताले भन्सार प्रज्ञापनभन्दा २७२ प्रतिशत बढी मूल्यमा बिक्री इजाजत लिएको खुलासा भएपछि डेढ वर्ष अघिको यो घटना सम्बन्धमा छानबीन शुरू भएको हो । असार १ गते छापामारी गरी फर्माकेमको बिलबिजक नियन्त्रणमा लिएको छ । तर भन्सारमा आयातकर्ताले दाबी गरेको रकम र खोप बट्टामा प्रिन्ट रहेको दररेटभन्दा निकै फरक देखिएपछि औषधी विभागले यसबारे अनुसन्धान शुरू गरेको हो ।

औषधी व्यवस्था विभागले आज करीब दुई साता बितिसक्दा पनि अनुसन्धानबारे सार्वजनिक गरेको छैन । समान्यतया औषधी उत्पादक कम्पनीले तोकेको दररेटमा २० प्रतिशतभन्दा बढी मुनाफा लिन पाइँदैन ।

तर विभागले नै भन्सार प्रज्ञापन नहेरेर आयात कम्पनीको बट्टामा तोकिएको दररेटका आधारमा क्यान्सर जस्तो संवेदनशील रोगको औषधी बिक्री गर्न अधिकतम मूल्य ६१ हजार ६६६ तोकेपछि आयातकर्ता फर्माकेमले सोही अनुरूप औषधी बिक्री गरेको देखिन्छ । यसबारे फर्माकेमले विभागले अधिकतम मूल्य ६१ हजार ६६६ तोके पनि आफूहरूले २५ हजारभन्दा बढीमा खोप बिक्री नगरेको दाबी गरेको छ ।

भन्सार प्रज्ञापनका अनुसार कम मूल्यको औषधीमा पौने तीन सय प्रतिशत बढी मुनाफा लिएर बिक्री गरेको कसूरमा फस्ने भयले फर्माकेम विभागले तोकेभन्दा कम मूल्यमा बिक्री गरेको दाबी गरिरहेको छ । विभाग भने भन्सार प्रज्ञापन अनुसार दररेट कायम गर्न चुकेकोले औषधीको बट्टामा उल्लेख भएको दररेट अनुसार अधिकतम मूल्य ६१ हजार ६६६ तोकेको भनेर जोगिने प्रयास गर्दैछ र यही खेलबीच आर्थिक चलखेलको कुराहरू भइरहेको स्रोतको दाबी छ ।

# ज्येष्ठ पत्रकार पेन्सन कार्यविधिका लागि कार्यदल

प्रस, वीरगंज १३ असार/

वीरगंज महानगरपालिकाको आम सञ्चार माध्यम प्रवर्द्धन तथा नियमन




तस्वीरः फाइल

समितिले ज्येष्ठ पत्रकार पेन्सन कोष कार्यविधि तयार गर्न कार्यदल गठन गरेको जनाएको छ ।

आम सञ्चार ऐन २०७८ तथा वीरगंज महानगरपालिकाको १२ औं नगरसभाले ज्येष्ठ पत्रकारलाई पेन्सन वितरण गर्ने नीति अवलम्बन गरेको र सो अनुरूप कार्यविधि तयार गर्न रामनारायण कुर्मी, नवराज फुँयाल, आबिद हुसेन, माधुरी महतो र कानून अधिकृत ईश्वर बराल सदस्य रहेको पाँच सदस्यीय कार्यदल गठन गरिएको समितिका संयोजक धुव अधिकारीले बताए । त्यसैगरी बैठकले वीरगंज महानगरपालिकाको टेन्डर, विज्ञापनलगायत सूचना राष्ट्रिय तथा स्थानीय सञ्चारमाध्यमहरूबाट प्रकाशन–प्रसारण गराउन दर रेटमा विविधता पाइएको हुँदा सो कार्यमा पनि एकरूपता ल्याउन दर रेट निर्धारण कार्यदल गठन गरेको संयोजक अधिकारीले बताए । मनोज पटेल, मुस्कान श्रेष्ठ र अमित अग्रवाल सदस्य रहेको तीन सदस्यीय दर रेट निर्धारण कार्यदल गठन गरिएको र सो कार्यदललाई एक साताभित्र प्रतिवेदन पेश गर्ने समयसीमा निर्धारण गरिएको संयोजक अधिकारीले बताए ।

आम सञ्चार माध्यम प्रवर्द्धन तथा नियमन समिति वीरगंज महानगरपालिकाका संयोजक धुव अधिकारीको अध्यक्षतामा सम्पन्न बैठकमा नगर प्रमुखका प्रेस सल्लाहकार महेश दास, जनसम्पर्क सल्लाहकार नवराज फुँयाल, समितिका सदस्यहरू रामनारायण कुर्मी, अमित अग्रवाल, आबिद हुसेन, मनोज पटेल, मुस्कान श्रेष्ठ, माधुरी महतो, वीरगंज महानगरपालिकाका प्रशासन प्रमुख राज ताम्रकार, सूचना तथा प्रसारण शाखा प्रमुख शम्भु कुशवाहालगायतको सहभागिता थियो ।

# कुनै विकल्प नभएपछि यौनकर्मी बनेको तेस्रोलिङ्गीहरूको भनाइ

प्रस, वीरगंज, १३ असार/

पर्सा जिल्लाका तेस्रो लिङ्गीहरूले घरपरिवार र समाजले अहिलेसम्म आफ्नो अस्तित्व स्वीकार नगरेको कारण बाध्यकारी अवस्थामा यौनकर्म गर्नुपरेको बताएका छन् ।

वीरगंजमा रहेको सहयात्री समाजले बुधवार पत्रकारहरूसँग गरेको छलफलमा तेस्रो लिङ्गी सन्जु, ममता, नेहा र सहाबुद्दिनले सहयात्री समाज स्थापना भएको १५ वर्ष अवधिमा तेस्रोलिङ्गीहरू प्रति पहिलेको जस्तो चरम दुर्व्यवहार केही कम भए पनि अहिलेसम्म पूर्णरूपमा सामाजिक भेदभाव, दुर्व्यवहारका घटना समाप्त हुन नसकेको बताए । उनीहरूले विशेषतः नाचगान र यौनकर्मगर्दै आएको र यो पेशा अत्यधिक जोखिम रहेको बताए ।

नाचगानमा लागेकाहरूलाई निरन्तर अबेर रातिसम्म नचाउने, आराम माग गर्दा गाली गर्ने, अपशब्द प्रयोग गर्ने र रकम कटौती गर्ने धम्की दिने कार्य हुने गरेको उनीहरूले बताए । यसैगरी नाचगानमा लागेकाहरू बलात्कारको शिकार हुने गरेका र केहीले प्रहरीसम्म घटना नपुऱ्याउने र पुऱ्याएकाको हकमा पनि प्रहरी मैत्रीपूर्ण प्रस्तुत नभएको आरोप



तस्वीरः प्रतीक

लगाए । उनीहरूले अहिलेसम्म बलात्कारका कैयन घटना भएका र मौखिकरूपमा मात्र प्रहरीलाई जानकारी गराउँदा कार्यवाही प्रक्रियामा चासो नदेखाइएकोले लिखित उजुरी नगरेको बताए । सन्जु, ममता, नेहा, र सहाबुद्दिनले वीरगंज क्षेत्रमा तेस्रो लिङ्गीहरूलाई अन्य कुनै व्यवसायमा सहभागी नगराइएकोले पनि यौनकर्म गर्नुपरेको बताए ।

कुनै पनि व्यवसायमा काम पाइँदैन, घरबाट अपहेलित भएर निकालिएकाहरूले पेट पाल्न के गर्ने ? यौनकर्म रहरले नभएर, जीविकोपार्जनको सजिलो बाटो भएकोले अँगालेको उनीहरूले बताए । पैसा पनि बढी आउने हुँदा यो पेशामा तेस्रोलिङ्गीहरूको आकर्षण बढेको हो । यहाँका तेस्रोलिङ्गीहरू कामविशेषले भारत जाने त्यहाँ नाचगान र रेलमा माग्ने कार्य गर्दै आएका र वीरगंज क्षेत्रमा बाहिरका तेस्रोलिङ्गीहरूले यौनजन्य कार्य गर्दै आएको उनीहरूको दाबी छ । हामी यहाँका तेस्रोलिङ्गीहरूले ग्राहकलाई दुःख दिने, लुट्ने पिट्ने जस्ता कार्य गर्दैनौं उनीहरूले बताए । प्रहरीलगायतबाट गुनासो आउँदा यस पेशामा लागेका तेस्रोलिङ्गीहरूलाई सचेत गराउँदै आएको उनीहरूले बताए । वीरगंजमा अहिले तुलनात्मकरूपमा पहिले भन्दा तेस्रोलिङ्गी घटनामा कमी आएको र त्यसको प्रमुख कारण बाहिरका तेस्रोलिङ्गीहरू यहाबाट पलायन भएका र बाँकीलाई सचेत गराइएको उनीहरूले बताए । अहिले वीरगंज क्षेत्रमा ५०/६० जना यौनकर्मीको रूपमा कार्यरत रहेको र यो सङ्ख्या केही दिन अघिसम्म दुई सयको हाराहारीमा रहेको उनीहरूको दाबी छ ।

सहयात्री समाज पर्साका संयोजक सुरज लिम्बुले पर्सा जिल्लामा खुलेर आएका तेस्रोलिङ्गीको सङ्ख्या ६ सय रहेको बताए । उनले घरपरिवार, समाजको डरले खुलेर आउन नसकेको सङ्ख्या अत्यधिक भएको दाबी गरे । सामाजिक, प्रशासनिक भेदभाव जारी रहँदा अहिलेसम्म धेरैजना खुलेर आउन नसकेको उनले बताए । उनले चालू नौ महीनामा पर्सा जिल्लाका ११ जना र गत वर्ष नौजना तेस्रोलिङ्गी एचआइभी सङ्क्रमित भएको बताए ।

अहिलेसम्म करीब ५० जना सङ्क्रमित रहेका र उनीहरूलाई नारायणी अस्पतालबाट एआरटी सेवा प्रदान गर्दै आएको बताए। समाजको कार्यालयमा रहेका १४ जना बाहेक अन्यलाई कामको समस्या रहेको र बाध्यताले यौनकर्मी बनेको बताए। होटल व्यावसायीहरूले तेस्रो लिङ्गीका कारण आफूहरू बदनाम भएको गुनासो गरेको र त्यस्ता कार्य छाड्ने तर होटलमा रोजगार दिन प्रस्ताव राख्दा कसैले स्वीकार नगरेको संयोजक लिम्बूले अनुभव सुनाए । उनले महानगरसहित

(बाँकी अन्तिम पातामा)

# सिम्रौनगढ नपाका शिक्षकहरू आन्दोलित

प्रस, सिम्रौनगढ, १३ असार/

सिम्रौनगढ नगरपालिका अन्तर्गत



तस्वीरः प्रतीक

बाल विकास, विद्यालय कर्मचारी, नगर शिक्षक र सहायक कर्मचारीहरूले तलब माग गर्दै जुलूस प्रदर्शन गरी धर्ना दिएका छन् ।

नगरपालिकाको गेटमा बुधवारदेखि 'हाम्रो माग पूरा गर', 'श्रम शोषण गर्न पाइँदैन', 'तलब कटौती गर्न पाइँदैन' जस्ता नारा लगाएर धर्ना दिएका छन् ।

शिक्षिका पूनमकुमारी यादव नेतृत्वमा जुलूस प्रदर्शन भएको र नगर परिक्रमा पछि नगरपालिकाको गेट अगाडि कोणसभा भएको थियो ।

कोणसभामा बारा शिक्षक सङ्घका उपाध्यक्ष सुभाषचन्द्र यादव, ट्रेड युनियनका सदस्य सुरेन्द्रप्रसाद यादव, सिम्रौनगढ नगर शिक्षक सङ्घका अध्यक्ष उमाशङ्कर यादव, सङ्गीता जयसवाल, सीतादेवी यादवले मन्तव्य व्यक्त गरेका थिए ।

कार्यक्रमको सहजीकरण शिक्षक बन्हु सहनीले गरेका थिए । शिक्षिका पूनम यादवले माग सम्बोधन नहुन्जेल धर्ना जारी रहने बताइन् ।

## छोटकरी

### रूखबाट खसेर मृत्यु

प्रस, वीरगंज, १३ असार/

बारा जिल्ला फेटा गाउँपालिका–१ भरवलियामा बुधवार बिहान एकजना ताडी बिक्रेताको मृत्यु भएको छ ।

दैनिक बिहान र बेलुका ताडीको रूखमा चढ्ने स्थानीय शम्भु मुखिया बिनको आज रूखबाट खसेर मृत्यु भएको इलाका प्रहरी कार्यालय परसौनीले जनाएको छ । प्रहरी निरीक्षक विनोद बोहराले रूखमा चढेका बिनको लडेर मृत्यु भएको बताए ।

## हार्दिक श्रद्धाञ्जली



जन्म
२००१/०२/१३

स्वर्गारोहण
२०८०/०३/०२

**स्व. रमादेवी भट्टराई**

हाम्रो भट्टराई समाज वीरगंजका सचिव रमेश भट्टराई तथा दाजु शम्भु भट्टराईकी ममतामयी पूज्यनीय आमा **रमादेवी भट्टराई**को मिति २०८०।३।२ गतेका दिन असामयिक निधन भएको १३ औं दिनको पुण्यतिथिमा दिवङ्गत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । यस दुःखको घडीमा सम्पूर्ण परिवारजनमा भावपूर्ण समवेदना ।

**राजेन्द्र भट्टराई (अध्यक्ष) एवं**
**समस्त भट्टराई समाज परिवार, वीरगंज**

**विचारसार एवं सूक्तिहरू**

**मानिसको चाल धनले पनि बदलिन्छ र धर्मले पनि । मानिस धन सम्पन्न भयो भने बटारिएर हिंड्छ, धर्म सम्पन्न भयो भने विनम्र हुन्छ ।**


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि., वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
प्रबन्ध सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति टोल, श्रीपुर, वीरगंज-१४ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.eprateekdaily.com


# खाँचो इमानदारिताको

**पर्सा जिल्लामा चैते धानखेती गरेका किसानहरू अहिले खुशी मनाइरहेका छन् । उनीहरूले लगाएको धानबालीको उचित मूल्य पाएको र असारको दोस्रो साता बित्न लाग्दा पनि वर्षा नभएकोले चैत धान सुकाउन र भण्डारण गर्न सजिलो भएको कारण यो धानखेती गरेका किसानहरू खुशी भएका हुन् । आफूले लगाएको बालि सप्रनुका साथै उचित बजार पाएर समयमा बिक्री भई उचित मूल्य पाएपछि किसानहरू खुशी हुनु स्वाभाविक हो । कसैले पनि आफूले गरेको कर्मको फल प्राप्त गर्छ भने उसमा खुशीको सीमा हुँदैन । पर्सा जिल्लाको हकमा नहरदेखि उत्तर जङ्गल क्षेत्रसँग जोडिएका थरूहट क्षेत्रका गाउँपालिकाहरू ठोरी, पटेर्वासुगौली, जगरनाथपुर, जीराभवानी, पर्सागढी र वीरगंज महानगरको एकाध वडाहरूमा चैते धानखेती हुने गरेको छ । वर्षाका साथै गण्डक नहर, जङ्गलबाट पानीको मुहान, डिप बोरिङ आदिको सिंचाइ सुविधा भएको कारण सो क्षेत्रमा चैते धान खेती हुँदै आएको छ । चैते धानबाली प्रतिकठ्ठा पौने तीन क्विन्टलसम्म उत्पादन भएको र प्रति क्विन्टल पच्चीस सयसम्म बजार मूल्य पाएको कारण किसानहरू यस वर्ष चैते धानबालीबाट निकै खुशी भएका हुन् ।**

**चैते धानखेतीको तुलनामा भदैया धानबाली भने निकै बढी गरिन्छ । गण्डक नहरको उत्तर र दक्षिण सबै भागमा भदैया धानबाली गरिन्छ । तर यसपटक भदैया धानबालीका लागि औसत वर्षा कम भएकोले किसानहरूमा निराशा छ । गण्डक नहरमा पानी छैन, आकाशे सिंचाइको भरमा रहेका गण्डक नहरदेखि दक्षिणतर्फ बजियान क्षेत्रका किसानहरू अहिलेसम्म भदैया धानखेतीका लागि आवश्यक बीउ छर्न सकेका छैनन् । केहीले जेनतेन पम्पसेट प्रयोग गरेर कृत्रिम सिंचाइद्वारा बीउ रोपेपनि उनीहरूको बीउ खेतमा सुक्न थालेको छ र रोपाइँसम्म काम नलाग्ने भइदिएको खण्डमा रोपाइँ लम्बिने चिन्ताले ग्रस्त छन् । थरूहट क्षेत्रमा भने भदैया धानका लागि पनि बीउ छर्ने काम प्रायः सकिसकेको छ । उनीहरू चैते धानबाली भित्र्याएर खेत खनजोत गरी भदैया धानबाली लगाउने तयारीमा छन् । एउटा बाली भित्र्याएर अर्को बाली गर्ने तयारीमा रहेका थरूहट क्षेत्रका किसानहरू जहाँ खुशी छन्, त्यो खुशी बजियान क्षेत्रका किसानहरूमा छैन । अहिले स्थानीय तहहरूमध्ये धेरैले नीति तथा कार्यक्रम र बजेट प्रस्तुत गरिसकेका छन् भने केही गर्ने तयारीमा छन् । बजियान क्षेत्रका पालिकाहरूले यसपटकको खडेरीका कारण वैकल्पिक सिंचाइका लागि किसानहरूलाई डिप बोरिङको प्रस्ताव अगाडि सारेका छन् । गण्डक नहरसँग जोडिएका खेत र सिंचाइको लागि पोखरी, कुलोको व्यवस्था भन्दा टाढा रहेका किसानहरूलाई लक्षित गरेर त्यस्ता खेतहरूमा वैकल्पिक सिंचाइका लागि डिप बोरिङ गर्ने हो भने सिंचाइबाट वञ्चित किसानहरूलाई कृषि कर्मका लागि सजिलो हुनेछ ।**

**तर नीति तथा कार्यक्रम र बजेट विनियोजन गरेका पालिकाहरूले इमानदारिताका साथ कृषि व्यावसायमा लागेका किसानहरूको हकमा मात्र डिप बोरिङ् गर्नेछन् भन्ने कुरामा [redacted] सेवा सुविधाहरू लक्षित वर्गसम्म [redacted]तिनिधिहरू इमानदार कम, बेइमान [redacted]क सबै सेवा आफैंले उपभोग गर्ने, [redacted] गर्न प्रयोग गर्ने अनि कार्यकर्ता, [redacted]महरूलाई प्राथमिकता दिने कार्यले [redacted] काम हुँदै आएको छ ।**

# हरिशयनी एकादशी र हाम्रो समाज

**स्वतन्त्र विचार**



सञ्जय साह मित्र
mitrasanjay41@gmail.com

**लोकजीवनमा एकादशी प्रदर्शनमुखी संस्कृतिभन्दा बढी व्यवहार हो, आचरण हो अझै पनि । हुनत एकादशीको परम्परागत मान्यता तथा शास्त्रीय मान्यताबाट सर्वसाधारण गाउँलेहरू वर्तमान अवस्थामा पूर्ण परिचित छैनन् तर निष्ठामा भने कमी आउन दिएका छैनन् ।**

आजको हाम्रो समाज न अन्धविश्वासी छ, न वैज्ञानिक दृष्टिकोण नै छ । अहिलेको युगलाई उपभोगको युग भनिएको छ । जहाँ उपयोग र उपभोग देख्दछन्, त्यहीं मानिसको भीड लाग्ने गर्दछ । हो, आज हामी धार्मिक भीडमा गइरहेका हुन्छौं र अर्कोतिर आफूलाई चरम विज्ञानवादी पनि बताउँछौं । जब विज्ञानका अविश्वसनीय दृश्यहरू हाम्रा अगाडि आउँछन् तब हामी ईश्वरलाई सम्झन पुग्दछौं । र, जब ईश्वरको काममा हुन्छौं त्यति बेला अनेक तर्कले ईश्वरमाथि विश्वास गर्न मन लागिरहेको हुँदैन । मस्तिष्कले तर्क गर्न चाहन्छ तर मनले भने त्यसलाई कुल्चेर जसरी सबैले गरिरहेका छन्, त्यसरी गर्न बाध्य बनाउँछ ।

साँच्चीकै जति धेरै महायज्ञ र यज्ञहरू हुन्छन् र तिनमा जति सहभागी हुन्छन्, तिनीहरू सबै सोह्रै आना इमानदार भइदिए यो समाज कस्तो हुन्थ्यो ? अहिले जताततै असन्तोषको हावा चलिरहेको छ, यसको अभाव हुन्थ्यो भने पहिले कल्पना गरिएको जस्तो रामराज्य हुन्थ्यो । साँच्ची राम त भगवान् विष्णुका दशावतारमध्ये एक थिए । रामराज्यमा नागरिकलाई कुनै दुःख थिएन भन्ने कल्पना गरिन्छ, उसो भए त्यति बेलाका नागरिक कति परिश्रमी थिए त ? यदि परिश्रमी थिएनन् भने पक्कै प्रगति नभएको हुनुपर्छ किनभने परिश्रमले नै सुख दिने हो । जो बढी अन्धविश्वासमा रहन्छ, उसले एक छिनको मनोवैज्ञानिक सुख त पाउँछ तर वास्तवमा दुःख नै पाएको हुन्छ किनभने उसका आवश्यकताहरू पूरा हुँदैनन् ।

धार्मिक मान्यता अनुसार राम भगवान् विष्णुका अवतार थिए । भगवान् विष्णुलाई पृथ्वीको पालनहार भनिएको छ । यसैले भगवान् विष्णुको विभिन्न रूपको पूजा सर्वत्र गरिन्छ । भनिन्छ, विष्णुका अनेक नाम छन् । हरिका हजार नाम भनेर विष्णुलाई नै भनिएको हो । जसरी हामी साप्ताहिक बिदा लिन्छौं वा हरेक वर्ष केही निश्चित दिन बिदा लिएर आराम गर्दछौं त्यसरी नै भनिन्छ, भगवान् विष्णुले पनि केही महीना बिदा लिन्छन् । यसलाई आधुनिक युगसित पनि दाँजेर हेर्ने चलन छ । सामान्यतया एक दिनको चौबीस घण्टालाई तीन भागमा बाँडेर आठ घण्टा काम, आठ घण्टा मनोरञ्जन र आठ घण्टा आराम भन्ने गरिन्छ, त्यसरी नै प्रकृतिको नियमानुसार भगवान् विष्णुले पनि वर्षको एकतिहाई अर्थात् तीन भागको एक भाग समयमा आराम गर्दछन् । एक वर्षमा बाह्र महीना हुने र बाह्र महीनामध्ये चार महीना अर्थात् एक तिहाई आराम गर्ने समय भनेको असार शुक्ल पूर्णिमादेखि कात्तिक शुक्ल पूर्णिमासम्मको दिन हो । असार शुक्ल पूर्णिमाको दिनदेखि भगवान् विष्णु क्षीर सागरमा विश्राम गर्ने मान्यता रहेकोले यस दिनलाई हरिशयनी एकादशी पनि भनिन्छ । हरि अर्थात् विष्णुले सुत्ने दिन हरिशयनी दिन भनिएको हो । यस दिन एकादशी तिथि नै पर्ने हुनाले यो दिन हरिशयनी एकादशी भएको हो । यस दिनलाई हिन्दू लोकजीवनमा निकै महत्त्वपूर्ण मानिन्छ ।

अचेल धूमिल पर्दै गएको हो वा यसको महत्त्व जस्ताको तस्तै हो ? तर सामान्य गाउँले जनजीवनमा यस दिनलाई निकै विशिष्टरूपमा लिने गरिन्छ । हिन्दू धर्मावलम्बीले मुख्यतः दुई एकादशीलाई सबैभन्दा ठूलो मान्ने गर्दछन्, जसमध्येको एक हो हरिशयनी एकादशी । अर्को ठूलो एकादशी हरिबोधिनी एकादशी हो । चार महीनाको विश्रामपछि भगवान् विष्णु ब्यूँझिने दिनलाई हरिबोधिनी एकादशी भनिन्छ जुन कात्तिक महीनाको शुक्ल पक्षमा पर्दछ । अझै पनि समाजमा यस्ता धेरै मानिस छन्, जो एकादशीलाई एउटा व्रतको रूपमा मान्ने गर्दछन् । कतिपयले त यसलाई वैज्ञानिक दृष्टिकोणाले महत्त्वपूर्ण रहेको स्वीकार गर्दछन् । महीनामा निश्चित अवधिको फरक पारेर एक दिन सम्भव भएसम्म अन्न नखाँदा र ईश्वरप्रति निष्ठा प्रकट गरिरहँदा शरीर र मनोविज्ञान दुवैमाथि निकै सकारात्मक प्रभाव पर्ने बताइन्छ । एक दिन अन्न नखाई फलफूल वा अन्य खानेकुरा खाँदा एकातिर अन्नको बचत हुन्छ जसले गर्दा पृथ्वीमा भोकमरी कम गर्न सहयोग पुग्छ । अर्कोतिर फलफूल वा अन्य अन्नइतर भोजनले शरीरको पाचन प्रणालीदेखि अन्य कुरामा सकारात्मक प्रभाव पर्छ । वैज्ञानिक दृष्टिकोणबाट पनि यस किसिमको नियमिततालाई राम्रो मानिएको छ । यसैगरी व्रत बसेकै निहुमा मन सजिलै ईश्वरप्रति केन्द्रित हुन जान्छ । यसरी मनमा एकाग्रता ल्याउन तथा ध्यान केन्द्रित गर्न सजिलो हुन्छ । यसले मन र मस्तिष्क दुवैलाई सकारात्मक ऊर्जा प्रदान गर्छ ।

यस दिन अर्थात् असार शुक्ल पक्षको एकादशीको दिन सामान्यतया घर वा आँगनमा तुलसी रोप्ने चलन छ । तुलसीको पूजा गर्ने चलन छ । अहिलेसम्म तुलसी निकै औषधीय गुण भएको वनस्पति हो भन्ने कुरो धेरै बुझिसकेका छन् । तुलसीले वातावरणलाई पनि निकै सकारात्मक प्रभाव दिने गर्दछ भन्ने पनि बुझिएको छ । तुलसी आँगनमा रोप्नुको अर्थ यो पनि हो कि वर्षाको समयमा हावाको माध्यमबाट आउने विभिन्न किसिमका हानिकारक वायुलाई शुद्ध पार्नु । दोस्रो, आँगनमा तुलसी राख्नुको अर्थ यो पनि हो कि आँगन सधैं पवित्र भइराख्छ । अब वर्षात्को मौसम शुरू हुँदैछ । यसैले कहिले रुघा लाग्ला वा कहिले अलिकति बिसञ्चो महसूस होला भने तुलसीलाई पानीमा तताएर चियाजस्तै पिउन सजिलो हुन्छ । वर्षाको समयमा तुलसी खोज्न कतै टाढा जानुपर्दैन, आँगनमैं हुन्छ । त्यसैले तुलसीमठ सबैको नजरमा पर्नेगरी राखिन्छ । यसैगरी हरेक घरमा तुलसी हुँदा कतिपय रोगव्याधि घरमा प्रवेश गर्दैन भन्ने पनि मान्यता रहेको छ ।

अहिले पनि गाउँघरमा एकादशीको दिन कसैले माछामासु सेवन गर्दैन । सधैं माछामासु खानेले पनि आज एकादशी हो, यस दिन मांसाहारी भोजन गर्दिनँ भन्ने वा मान्ने धेरै मानिस छन् । गाउँघरमा यस्ता अनेकौं मानिस छन्, जो शाकाहारी छन्, तिनका लागि यो दिन निकै विशिष्ट हुन्छ । यस दिन त आफूले जानेको र सकेको सबै नियम तथा निष्ठा अत्यन्त श्रद्धापूर्वक पालन गर्दछन् । भोकै बस्नु वा बस्न नसक्नु एउटा पक्ष हो तर सम्भव भएसम्म ईश्वरप्रति श्रद्धा र आस्था राख्ने तथा मठ वा मन्दिरमा दर्शन गर्ने वा घरमा पूजा गर्ने तथा एकादशीको महत्त्व बताउने गर्दछन् । लोकजीवनमा एकादशी अझै पनि एउटा विशिष्ट दिनको रूपमा रहेको छ भन्ने कुरा यस एकादशीले स्पष्ट पार्दछ ।

हुनत अहिले, माथि भनिएजस्तै पूजा पनि गर्ने र देउतालाई मान्नेभन्दा पृथक व्यवहार पनि गर्ने चलन बढेकै छ । एक हिसाबले धार्मिक आडम्बर देखाउने वा धार्मिक कार्यमा आफूलाई अगाडि सारेर एक किसिमले श्रद्धा प्रकट गर्ने तर वास्तवमा त्यसभन्दा विपरीत आचरण पनि गर्नेहरू धेरै छन् । गेरुवा वस्त्र धारण गर्ने व्यक्ति पनि मदिरालयमा लडेको देखिएकै छ । चाडपर्वप्रति आस्था प्रकट गरेर आस्थाविपरीत आचरण गर्नेहरू पनि यस संसारमा छन् । यसै कारण अहिले एकातिर धार्मिक कार्यक्रमहरू हार्दिकभन्दा बढी औपचारिक हुने गरेका छन् । औपचारिकता बढी हुँदा कार्यक्रम अनुरूप आचरणमा कमी आउँछ । देखिएकै हो, धार्मिक कार्यक्रममा मानिसको अपार भीड हुन्छ र अर्कोतिर समाजमा धार्मिक मर्म अनुसार गतिविधि सम्पन्न भइरहेको अवस्थाको अभाव पनि स्पष्ट देखिन्छ ।

लोकजीवनमा एकादशी प्रदर्शनमुखी संस्कृतिभन्दा बढी व्यवहार हो, आचरण हो अझै पनि । हुनत एकादशीको परम्परागत मान्यता तथा शास्त्रीय मान्यताबाट सर्वसाधारण गाउँलेहरू वर्तमान अवस्थामा पूर्ण परिचित छैनन् तर निष्ठामा भने कमी आउन दिएका छैनन् । आफ्नो संस्कृति जोगाउन यस दिन गरिनुपर्ने कतिपय अनिवार्य कार्य चाहिं घरमा गरिएको पाइन्छ । यसको अर्थ यो पनि हो कि यो एकादशी हाम्रो संस्कृतिको अभिन्न अङ्गको रूपमा स्थापित छ । संस्कृतिको परिपालन हार्दिकतापूर्वक गर्दै सन्ततिलाई हस्तान्तरण गर्ने काम पनि भइरहेको छ । यस दिनले एकातिर व्यवहार, अर्कोतिर चिन्तन तथा मनोविज्ञान र समाज सबैलाई सकारात्मक प्रभाव पार्ने काम गरेको देखिन्छ तथा अघोषितरूपमा वर्षाको मौसम शुरू हुँदैछ, अब घरपरिवारले सोही अनुसार तयारी गर्नुपर्छ भन्ने सन्देश समाजलाई दिने गर्दछ ।

# ललिता निवास जग्गा प्रकरण : दोषीलाई कानूनी दायरामा ल्याउन ढिलाई हुनुहुन्न

काठमाडौं, १३ असार/रासस

सांसदहरूले बालुवाटारस्थित ललिता निवास जग्गा प्रकरणका दोषीलाई कानूनी दायरामा ल्याउन माग गरेका छन् । प्रतिनिधिसभाको आजको बैठकको शून्य समयमा बोल्दै उनीहरूले ललिता निवास जग्गा प्रकरणका मुख्य दोषीलाई पनि कारबाही गर्न सरकारसँग माग गरे ।

सांसद राजेन्द्रकुमार केसीले ढिलै भए पनि सरकारले ललिता निवास जग्गा प्रकरणको फाइल खोलेकोमा धन्यवाद दिंदै जग्गा प्रकरणका मुख्य दोषी नउम्किनेगरी कानूनी प्रक्रिया अगाडि बढाउन माग गरे । उनले भने– “ललिता निवास जग्गा प्रकरणमा साना माछा समातिंदैछन्, ठूला माछा समातिन्छन् कि समातिंदैनन् चिन्ता थपिएको छ, त्यसप्रति गम्भीर हुन सभामुखमार्फत सरकारको ध्यानाकर्षण गराउँछु ।”

सांसद रामहरि खतिवडाले ‘ललिता निवासमा साना माछा ढोक्सामा पर्ने कुरा आएको छ, ठूला माछा पनि ढोक्सामा परून्’ भन्दै सभामुखमार्फत सरकारको ध्यानाकर्षण गराए । सांसद भानुभक्त जोशीले सङ्घीय शिक्षा ऐनमा रहेको व्यवस्थाबमोजिम आन्दोलनरत शिक्षकको समस्या सम्बोधन गर्न सभामुखमार्फत सरकारको ध्यानाकर्षण गराए ।

सांसद मनबहादुर गुरुङले केही दिन अघि परेको अविरल वर्षाका कारण पोखरा–२६ स्थित रिट्ठेपानी डाँडाको पश्चिम दक्षिणतर्फबाट पहिराले स्थानीयवासी नरबहादुर, अनिता र दिलबहादुर भण्डारीको घर उच्च जोखिममा परेको, घरसँगै जोडिएको धनसार भत्किएको, दुई गाईको बाच्छीको मृत्यु भएको र सयौं रोपनीमा सिंचाइको पक्की कुलोसमेत बगाएकोले पीडितहरूको उचित व्यवस्थापन र क्षतिपूर्तिको माग गरे ।

सांसद महेशकुमार बर्तौलाले देशभरका ३१३ भन्दा बढी पालिकामा स्वास्थ्य मन्त्रालयमार्फत काज र समायोजनमा खटेका कर्मचारीले १३ महीनादेखि तलब नपाएको जनाउँदै दुई हजारभन्दा बढी कर्मचारीको अविलम्ब तलब पाउने व्यवस्था मिलाउन सरकारको ध्यानाकर्षण गराए ।

सांसद रेखा यादवले माइतीघर मण्डलामा धर्नारत सामुदायिक विद्यालयका कर्मचारीको समस्या अविलम्ब सम्बोधन गर्न सरकारसँग माग गरिन् । सांसद महेश बस्नेतले कानून विपरीत नक्सापास नगरी भवन बनाउने प्रवृत्ति बढेको जनाउँदै यसलाई नियन्त्रण गर्न माग गरे । सांसद माधव सापकोटाले विनियोजन विधेयकको प्रक्रिया सम्पन्न भएलगत्तै सरकारले बेपत्ता पारिएका व्यक्तिहरूको छानबीन, सत्य निरूपण तथा

(बाँकी पाँचौं पातामा)

## मीनबहादुर र परिवारको नाममा ललिता निवासको २९ रोपनी बढी जग्गा : सिआइबी

नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)ले भाटभटेनी सुपरमार्केटका सञ्चालक मीनबहादुर गुरुङ र उनको परिवारको नाममा ललिता निवासको २९ रोपनीभन्दा बढी जग्गा रहेको दाबी गरेको छ ।

कीर्ते गरेर सरकारी जग्गा हिनामिना गरेको आरोपमा पक्राउ परेका व्यक्ति र उनीहरूसँग जोडिएको विषयबारे आज पत्रकार सम्मेलनमार्फत जानकारी दिंदै सिआइबीका प्रहरी वरिष्ठ उपरीक्षक दिनेश आचार्यले गुरुङ र उनको परिवारको नाममा २९ रोपनी ललिता निवासको जग्गा रहेको पाइएको जानकारी दिए । उनले अन्यको हकमा चार, पाँच रोपनी जग्गा देखिएको बताए ।

यस्तै अर्का पक्राउ परेका पूर्वनिर्वाचन आयुक्त सुधीरकुमार शाहले भने मालपोत कार्यालय भक्तपुरको तत्कालीन अधिकृत हुँदा पाँच रोपनीभन्दा बढी ललिता निवासको जग्गा हडपेको आरोप लगाइएको छ । प्रहरीले मङ्गलवार गुरुङ र शाहसहित धर्मप्रसाद गौतम र गोपाल कार्कीलाई पक्राउ गरी हिरासतमा राखेको छ ।

सर्वोच्चबाट स्टेअडर ल्याएको पाइएपछि पक्राउ परेकामध्ये अन्य तीन जनालाई भने कागज गराएर हिजै छाडिएको थियो ।

सिआइबीका अनुसार उनीहरूलाई हिरासत बाहिर राखेर अनुसन्धान गर्न सर्वोच्चले आदेश दिएको पाइएपछि कागज गरेर छाडिएको हो । यसरी छाडिनेमा कलाधर देउजा, सुरेन्द्रमान कपाली र हुपेन्द्रमणि केसी (बाँकी पाँचौं पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन: ९८४५११९४४८

# जनप्रतिनिधिद्वारा आज तेस्रो दिन पनि धर्ना

प्रस, रौतहट, १३ असार/

गरुडा नगरपालिकामा बहुमत जनप्रतिनिधिलाई बेवास्ता गरेर नगरसभा



तस्वीरः प्रतीक

गरेको भन्दै उपमेयरलगायत जनप्रतिनिधिहरू आज तेस्रो दिन पनि कार्यालयमा तालाबन्दी गरी धर्ना बसेका छन् ।

उपमेयर पूनम चौधरीलगायत जनप्रतिनिधिले आफूहरूलाई बेवास्ता गरेको भन्दै नगरसभा बहिष्कार गरी पालिकामा ताला लगाएका थिए ।

तालाबन्दीपछि नगरपालिकाको नियमित कामकाज प्रभावित भएको छ।

उनीहरू असार १० गते भएको नगर सभा बहिष्कार गरी सोमवारदेखि धर्ना बसेका हुन् ।

नगरप्रमुख कन्थमणि जैसवालले एकलौटी ढङ्गले बजेट चलाउन खोजेको र सहमतिबेगर नगरसभा गरेको उपप्रमुख चौधरीको आरोप छ ।

गत आइतवार नगरपालिकाको नवौं नगरसभामा ५५ करोड १६ लाख ३० हजारको बजेट तयार पारिएको भए पनि विरोध र तालाबन्दीका कारण बजेट प्रस्तुत हुन सकेन ।

बहुमत सदस्यले नगरसभा बहिष्कार गरेपछि बजेटमाथि सोमवार हुने भनिएको छलफल कार्यक्रम अन्योलमा परेको छ । उपमेयर चौधरीलगायत २, ३, ६, ७, ८ र ९ नम्बर वडाका अध्यक्षहरूले नगरसभा बहिष्कार गरेका हुन् ।

नगरप्रमुख कन्थमणि जैसवालले भने धर्ना बसेका जनप्रतिनिधिहरूसित बारम्बार संवादको प्रयास गरेको बताएका छन्। उनले उपमेयरलाई कहिल्यै बेवास्ता नगरेको बताए ।

"उपमेयर चौधरीको अधिकार खोसियो भन्ने आरोप सरासर झूटो रहेको मेयर जयसवालको भनाइ छ ।

नगरसभाका लागि उपप्रमुखसित पटक/पटक सल्लाह गरेको मेयर जयसवालको दाबी छ ।

नगरपालिकाको कार्यालयमा तालाबन्दी गर्दै उपमेयरसहित छवटा वडाका अध्यक्ष र ३१ जना सदस्य धर्ना बस्दै आएका छन् ।

# "टिस्यु कल्चर" प्रविधिबाट केराको बिरुवा उत्पादन

झापा, १३ असार/रासस

जिल्लामा टिस्यु कल्चर प्रविधिबाट केराका बिरुवा उत्पादन गर्न थालिएको छ। योसँगै भारत र वीरगंजबाट बिरुवा ल्याउनुपर्ने झन्झटबाट यहाँका किसान मुक्त भएका छन् ।

गौरादह नगरपालिका–२ र अर्जुनधारा नगरपालिका–३ मा टिस्यु कल्चर प्रविधिबाट जी–नाइन, विलियम हाइब्रेड र मालभोक जातका केराको बिरुवा उत्पादन गर्न थालिएको हो ।

जिल्लामा उत्पादित केराका बिरुवा यहाँको वातावरणमैत्री रहेकाले केरा कृषकका लागि उपयुक्त भएको कृषि ज्ञान केन्द्र, झापाका सूचना अधिकृत गणेश शिवाकोटीले बताए । उनका अनुसार सरकारले कृषि ज्ञान केन्द्र र स्थानीय तहमार्फत प्रदेश नं १ लाई केराखेतीमा आत्मनिर्भर बनाउन ब्लक र पकेट क्षेत्र सञ्चालन गरेको छ ।

केराखेतीमा आत्मनिर्भर बनाउन थालिएको अभियानमा सहयोग पुऱ्याउने उद्देश्यले गौरादह नगरपालिकामा टिस्यु कल्चर प्रविधिबाट बिरुवा उत्पादन थालिएको बिरुवा उत्पादक संस्था फाइकस बायोटेक प्रालिका सञ्चालक दुर्लभ कार्कीले बताए । हालसम्म सरकारबाट कुनै सहयोग नलिएको उनले बताए । संस्थाले काठमाडौंको बूढानीलकण्ड नगरपालिका–२ र गौरादहमा उक्त प्रविधि प्रयोग गरी केराका बिरुवा उत्पादन गरिरहेको उनले जानकारी दिए।

सञ्चालक कार्कीले विसं २०७२ मा बूढानीलकण्ठमा ल्याब शुरू गरेको बताउँदै झापामा विसं २०७६ देखि शुरू भएको बताए । उनले तत्कालीन राष्ट्रिय आलु विकास कार्यक्रमको ५० प्रतिशत र


तस्वीरः फाइल

संस्थाको ५० प्रतिशत लगानी ल्याब सञ्चालनमा ल्याएको जानकारी दिए । उनका अनुसार ल्याबका लागि रु दुई करोड लगानी गरिएको छ ।

"ल्याबबाट वार्षिक ८० हजार केराको बिरुवा र एक लाख आलुको बिरुवा उत्पादन हुने गरेको छ"–सञ्चालक कार्कीले भने–"टिस्यु कल्चर प्रविधिबाट बिरुवा उत्पादन गर्दा एकैपटक सामूहिक उत्पादन गर्न सकिने र कीटाणुरहित बिरुवा उत्पादन हुन्छ।" यस प्रविधिबाट उत्पादन गरिने बिरुवाको कोषलाई हुर्काउन ल्याबमैं ३५ दिनसम्म राख्नुपर्ने उनले बताए ।

वातावरण सुहाउँदो बायोटेक नर्सरीमा ल्याबबाट निकालेर झन्डै दुई महीनासम्म बिरुवा हुर्काएपछि मात्र रोप्न योग्य हुने उनको भनाइ छ ।

कार्कीले भने–"झन्झटिलो भए पनि यस्तो बिरुवाबाट उत्पादन गरिएको केराको बोटमा फल राम्रो लाग्छ र किसानले राम्रो आम्दानी गर्न सक्छन् । भारतबाट सस्तो मूल्यमा आयातित बिरुवाका कारण कहिलेकाहीं बजारीकरणमा समस्या परेको छ ।" उनका अनुसार ल्याबमा हाल १० जना स्थानीयले रोजगार पाएका छन् ।

यहाँ उत्पादित केराको बिरुवा जिल्लामैं खपत हुँदै आएको कार्कीले बताए। भारतबाट आउने सस्तो मूल्यको बिरुवाका कारण कहिलेकाहीं बिक्रीमा भने समस्या हुने गरेको छ ।

नर्सरीबाट जी नाइन, विलियम हाइब्रिड जातको बिरुवा प्रतिगोटा रु ३५ र मालभोग केराको बिरुवा प्रतिगोटा रु ६५ ले बिक्री गर्दै आएको कार्कीले जानकारी दिए । किसानले चैतदेखि भदौसम्म बिरुवा रोप्ने गरेका छन् ।

# स्वास्थ्य बीमा कार्यक्रम सबै स्थानीय तहमा विस्तार गर्न निर्देशन

काठमाडौं, १३ असार/रासस

दिगो विकास तथा सुशासन समितिले स्वास्थ्य बीमा कार्यक्रम सबै स्थानीय




तहमा पुऱ्याउन निर्देशन दिएको छ । समितिको बुधवार बसेको बैठकमा समिति सभापति प्रकाश पन्थले कार्यक्रम कार्यान्वयनमा देखिएका नीतिगत र व्यवस्थापकीय समस्या समाधान गर्दै पहुँच विस्तार गर्न निर्देशन दिए ।

उनले गुणस्तरीय स्वास्थ्य सेवा, औषधि आपूर्ति, उपचार प्रक्रिया सरल बनाई दक्ष जनशक्ति व्यवस्थापन गर्न समेत निर्देशन दिए। समितिले सुर्तीजन्य पदार्थमा लगाउने कर वृद्धि गरी त्यसबाट सङ्कलित रकम स्वास्थ्य उपचार र जनस्वास्थ्य सेवाका कार्यक्रममा खर्च गर्ने व्यवस्था गर्न निर्देशन दिएको छ ।

बैठकमा स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री मोहनबहादुर बस्नेतले स्वास्थ्य बीमा कार्यक्रममा सुधार गर्न आवश्यक भएको बताए । उनले भने–"स्वास्थ्य बीमा कार्यक्रम चुस्तदुरुस्त बनाउन नसकेको स्वीकार गर्छौं । कमीकमजोरी चाँडोभन्दा चाँडो सुधार गरी प्रभावकारी कार्यान्वयन गर्नेछौं।"

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका सचिव डा रोशन पोखरेलले स्वास्थ्य बीमाको दुरुपयोग रोक्न र बीमितको स्वामित्व बढाउन जोड दिए । "बीमित आफैंले बीमा रकमका लागि चिकित्सकसँग सिफारिश माग्दा दुरुपयोग बढेको छ"–उनले भने–"बीमितले पनि स्वामित्व ग्रहण गर्नेगरी संयुक्त भुक्तानीको व्यवस्था गर्न आवश्यक देखिन्छ ।"

स्वास्थ्य बीमा बोर्डका निर्देशक डा दामोदर बसौलाले कर्मचारीको अभावका कारण बोर्डको काम प्रभावित भएको बताए । उनले बीमितका लागि प्रथम सेवा बिन्दु तोक्न नसक्दा विशिष्टीकृत सेवा भएको अस्पतालमा भीडभाड बढेको बताए। उनले ४०७ स्थानीय तहमा सेवाप्रदायक संस्था नहुँदा पनि बीमा प्रभावकारी बन्न नसकेको गुनासो गरे । बैठकमा समितिले स्वास्थ्य बीमामा दोहोरोपन, औषधि अभाव, सेवाप्रवाह चुस्त नभएको र यसप्रति घट्दो आकर्षणबारे मन्त्रालय र बोर्डसँग जवाफ मागेको थियो ।

समिति सदस्य कमला पन्तले बोर्डलाई मासिक भुक्तानी दिन सुझाव दिइन् । सदस्य भुवनबहादुर सुनारले स्वास्थ्य बीमा झन्झटिलो बनेको भन्दै सेवा सरलीकृत गर्न जोड दिए । सदस्य तुलप्रसाद विश्वकर्माले कर्मचारीले बीमितप्रति गर्ने व्यवहार सुधार गर्न कर्मचारीका लागि परामर्शको व्यवस्था गर्न सुझाव दिए ।

बोर्डका अनुसार स्वास्थ्य बीमा कार्यक्रम ७७ जिल्लाका ७४९ स्थानीय तहमा विस्तार भएको छ । ४५९ वटा सेवाप्रदायक स्वास्थ्य संस्था नवीकरण नहुँदा बीमित हुने र नवीकरण हुने दर घटेको हो ।

चालू आवको वैशाख मसान्तसम्म २० लाख ९३ हजार १७० परिवारका ६७ लाख ६४ हजार ६४४ जना कार्यक्रममा सामेल भई हालसम्म ४१ लाख १७ हजार ७०८ जनाले मात्रै नवीकरण गराएका छन् ।

स्वास्थ्य बीमा कार्यक्रम लागू भएदेखि अहिलेसम्म सेवाप्रदायक संस्थालाई रु ३१ अर्ब भुक्तानी भइसकेको छ ।

# हेटौंडा अस्पतालमा मिर्गौला प्रत्यारोपणको तयारी

मनहरी, १३ असार/रासस

आगामी छ महीनाभित्र हेटौंडा अस्पतालमा मिर्गौला प्रत्यारोपण हुने भएको छ । हेटौंडा अस्पतालले शहीद धर्मभक्त प्रत्यारोपण केन्द्र भक्तपुरको सहयोगमा मिर्गौला प्रत्यारोपण सेवा शुरू गर्ने तयारी गरेको हो ।

धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्र भक्तपुरद्वारा आयोजित अङ्गदान र प्रत्यारोपणसम्बन्धी अन्तर्क्रिया कार्यक्रममा हेटौंडा अस्पतालका निमित्त मेडिकल सुपरिटेन्डेन्ट डा रामचन्द्र सापकोटाले छ महीनाभित्र अस्पतालमा मिर्गौला प्रत्यारोपण गर्नेगरी तयारी भइरहेको जानकारी दिए । उनका अनुसार मिर्गौला प्रत्यारोपणको तयारीका लागि हेटौंडा अस्पतालमा पूर्वाधार निर्माणसँगै आवश्यक उपकरण खरीद कार्य भइरहेको छ ।

चालू आर्थिक वर्षमा प्रदेश सरकारले हेटौंडा अस्पताललाई प्रत्यारोपण सेवा शुरू गर्न अनुदानस्वरूप रु नौ करोड उपलब्ध गराएको छ । उक्त रकम उपकरण खरीद र पूर्वाधार निर्माणमा खर्च हुनेछ । प्रदेश सरकारले आगामी वर्ष २०८०/८१ को बजेटमा पनि



तस्वीरः फाइल


प्रत्यारोपण सेवा शीर्षकमा रु चार करोड विनियोजन गरेको छ ।

डा सापकोटाका अनुसार हेटौंडा अस्पतालले तीन वर्षदेखि डाइलाइसिस सेवा दिँदै आएको छ । महीनामा ५० जनासम्म मिर्गौला रोगीले डाइलाइसिस गराउन पालो कुर्नुपर्ने बाध्यात्मक अवस्था रहेको र डाइलाइसिस गर्न आउने बिरामीका लागि थप १५ डाइलाइसिस मेशिन थप्नुपर्ने आवश्यक रहेको डा सापकोटाले बताए ।

मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानका उपकुलपति प्राडा विश्वराज जोशीले हेटौंडामा प्रत्यारोपण सेवा शुरू गरेपछि यस कार्यले निरन्तरता पाउनुपर्ने कुरामा जोड दिए ।


ड्रागन फ्रुट खेती : तनहुँको व्यास नगरपालिका–५ मा व्यावसायिक रूपमा शुरू गरिएको ड्रागन फ्रुट खेती । दमौली निवासी कल्पना गौलीले जग्गा भाडामा लिएर उक्त खेती शुरू गरेका हुन् । तस्वीरः रासस

# नेप्से परिसूचक ३५.३७ अङ्क घट्यो




काठमाडौं, १३ असार/रासस

धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक बुधवार ओरालो लागेको छ । नेपाल स्टक एक्सचेन्जका अनुसार नेप्से परिसूचक ३५.३७ अङ्कले ओरालो लागेर २१५०.९९ मा सीमित भएको छ।

आजको कारोबारमा ठूला कम्पनीको शेयर कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक ९.७६ अङ्कले ओरालो लागेर ४०२.७५ मा सीमित भएको छ। कारोबार भएका कुल १३ उपसमूहमध्ये एक उपसमूहको मात्रै शेयर मूल्यमा वृद्धि भएको छ भने १२ उपसमूहको शेयर मूल्यमा गिरावट आएको छ ।

आजको कारोबारमा विभिन्न कम्पनीको कुल एक करोड ३३ लाख ४२ हजार नौ सय ९६ कित्ता शेयर रु पाँच अर्ब ९७ करोड २२ लाख ८६ हजार चार सय ८१ मूल्यमा खरीद बिक्री भएको छ ।

कारोबार रकमका आधारमा हिमालयन लायफ इन्स्योरेन्स शीर्ष स्थानमा छ। उक्त कम्पनीको रु ८३ करोड ७० लाख ३६ हजार सात सय ९१ बराबरको कारोबार भएको छ ।

त्यस्तै शिवम् सिमेन्ट रु २८ करोड २२ लाख ६७ हजार पाँच सय ५९, सोल्टी होटल रु २३ करोड ५६ लाख ३८ हजार ९९९, एशियन लाइफ इन्स्योरेन्स रु १९ करोड ५० लाख ७२ हजार र आइजिआई प्रुडेन्सियल इन्स्योरेन्स रु १७ करोड २७ लाख ७६ हजार दुई सय ७४ बराबरको कारोबार भई शीर्ष पाँचभित्र पर्न सफल भएका छन् ।

नेप्सेका अनुसार हिमालयन लाइफ इन्स्योरेन्स बिपिडब्ल्यू लघुवित्त र सिटी होटलको शेयर मूल्यमा १० प्रतिशतले वृद्धि भई सकारात्मक सर्किट लागेको छ। त्यस्तै सामुदायिक लघुवित्त ८.१६ र शुभम् पावर कम्पनीको शेयर मूल्य ८.११ प्रतिशतले बढेको छ ।

साथै इन्ग्वा हाइड्रोपावर ६.६४, खप्तड लघुवित्त ६.१५, तारागाउँ रिजेन्सी होटल ६.११, मकर जीतमाया सुरी हाइड्रोपावर ५.८६ र ग्लोबल आइएमई लघुवित्तको शेयर मूल्य ५.७१ प्रतिशतले घटेको छ ।

# जिल्ला निर्वाचन कार्यालय यथावत् रहन्छ –अर्थमन्त्री डा महत

काठमाडौं, १३ असार/रासस

अर्थमन्त्री डा प्रकाशशरण महतले लोकतान्त्रिक मूल्य–मान्यता, आवधिक तथा स्वच्छ निर्वाचन भयरहित तवरले सम्पन्न हुनुपर्छ भन्ने कुरामा स्पष्ट रहेको बताएका छन्।

उनले भने–"निर्वाचन आयोगलाई संवैधानिक हैसियत संविधानले दिएको छ।" प्रतिनिधिसभाको बुधवारको दोस्रो बैठकमा सभामुखसँग समय लिएर बोल्दै अर्थमन्त्री डा महतले भयरहित तवरले निर्वाचन सम्पन्न हुनुपर्छ भन्नेमा सरकार स्पष्ट छ भने। उनले लोकतन्त्र र गणतन्त्र एवं निर्वाचन पद्धतिका लागि लामो सङ्घर्ष भएको स्मरणसमेत गरे।

जिल्ला प्रशासन कार्यालयमा निर्वाचन कार्यालय हुँदा सरकारको प्रभाव पर्ने हो कि भन्ने आशङ्कालाई स्पष्ट पार्दै अर्थमन्त्री डा महतले भने–"लोकतन्त्र, गणतन्त्र र विधिको शासनका पक्षमा लडेका हामी निर्वाचनको निष्पक्षताविरुद्ध उभिन्छौं भनेर कल्पना पनि गर्न सक्दैनौं। निर्वाचन कार्यालयहरू जिल्ला–जिल्लामा छन्। ती कार्यालयहरू त्यसरी नै चल्नेछन्। कुनै आशङ्का नराख्न म अनुरोध गर्दछु।"

जिल्ला निर्वाचन कार्यालयसम्बन्धी व्यवस्था यथावत् नै रहेको उनले सदनलाई जानकारी गराए। विगतजस्तो व्यवस्था भए मात्र निर्वाचन आयोगको स्वतन्त्रता कायम रहने अर्थमन्त्री डा महतको भनाइ छ।

त्यसअघि नेकपा (एमाले) र राष्ट्रिय स्वतन्त्र पार्टीका सांसदले निर्वाचन कार्यालयका सम्बन्धमा स्पष्ट व्यवस्था नभएको जनाउँदै सदनमा विरोध जनाएका थिए।


तस्वीर: रासस

# काभ्रेको बनेपामा हेलीपोर्ट निर्माण गर्न प्राधिकरणले दिएन सहमति

काठमाडौं, १३ असार/रासस

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले काभ्रे जिल्ला बनेपा नगरपालिका–१४ राउत गाउँमा निजी क्षेत्रको हवाई कम्पनी सिम्रिक एयरलाई हेलीपोर्ट बनाउन दिएको सैद्धान्तिक सहमति नागरिक उड्डयन प्राधिकरण (क्यान) ले हवाई नीतिविपरीत रहेको भन्दै रोकिदिएको छ।

मन्त्रालयले गत जेठ २६ गते सिम्रिक एयरलाई काभ्रेको बनेपा नगरपालिका–१४ स्थित राउत गाउँको माथिल्लो भागमा रहेको इटापु डाँडामा अन्तर्राष्ट्रिय मापदण्डअनुसारको हेलीपोर्ट निर्माण गर्न मन्त्रिस्तरीय निर्णयबाट सैद्धान्तिक सहमति दिएको भएको पनि हेलीपोर्ट बनाउन दिएको सैद्धान्तिक सहमति नीतिविपरीत रहेकाले रोकिएको प्राधिकरणका सहप्रवक्ता ज्ञानेन्द्र भुलले जानकारी दिए।

उनका अनुसार प्राधिकरणले गठन गरेको कार्यदलको प्रतिवेदनले त्यसलाई कार्यान्वयन गर्न सम्भव नभएको औंल्याएपछि प्राधिकरणका महानिर्देशक इ प्रदीप अधिकारीले मन्त्रालयले गरेको उक्त सैद्धान्तिक सहमतिलाई रोकेका हुन्।

राष्ट्रिय हवाई नीति, २०६३ मा जनसहभागिता वा स्थानीय निकायको वा संयुक्त लगानीमा मात्र साना विमानस्थल–हेलीपोर्ट बनाउन सकिने व्यवस्था रहेको भन्दै प्राधिकरणले हवाई नीतिविपरीत सिम्रिक एयरलाई एकल लगानीमा निर्माण र सञ्चालनको जिम्मा दिन नसकिने र यो निर्णय हवाई नीतिविपरीत हुनेसमेत प्राधिकरणको निष्कर्ष रहेको सहप्रवक्ता भुलले बताए।



तस्वीर: फाइल

उनले भने, "गैरसैनिक हवाई उडान (सिभिल एभिएशन) ऐन, २०१५ को दफा ४क बमोजिम नेपाल राजपत्रमा सूचना प्रकाशन गरी त्यसको चार किल्ला तोकी विमानस्थल क्षेत्रसमेत घोषणा गर्नुपर्ने हुन्छ। नेपाल सरकार मन्त्रिपरिषद्बाट संविधान र कानूनबमोजिम निजी क्षेत्रबाट हेलीपोर्ट निर्माण गर्न दिने गरी कुनै निर्णय नभएको हुँदा हेलीपोर्ट निर्माण सम्बन्धमा भएको सैद्धान्तिक सहमति कार्यान्वयन गर्न सम्भव नहुने देखिन्छ।"

नेपाल नागरिक उड्डयन प्राधिकरणले ऐनले विमानस्थलको निर्माण, पुनःनिर्माण, विकास, किस्ता र मर्मतको जिम्मा प्राधिकरणको हुने गरी तोकेको भन्दै एकल लगानीमा नेपालमा हेलीपोर्ट निर्माण तथा सञ्चालनको कानूनी प्रावधान नरहेकोसमेत जनाएको छ।

पर्यटन मन्त्रालयबाट हेलीपोर्ट निर्माणका लागि सैद्धान्तिक सहमति दिन उठान गरेको टिप्पणीमा रक्षा मन्त्रालयले समेत निजी क्षेत्रबाट हेलीपोर्ट निर्माण तथा सञ्चालन गर्दा चुनौती बढ्न सक्ने टिप्पणी गरेको थियो।

रक्षा मन्त्रालयले अनुमति दिनुअगाडि सुरक्षा विश्लेषणसमेत गर्न भनेको थियो।

यसैगरी नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन, २०५३ को दफा २ (ख) बमोजिम "विमानस्थल" को परिभाषाभित्र हेलीपोर्ट पनि पर्ने भएकाले नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन, २०५३ को दफा ६ (क) बमोजिम विमानस्थलको निर्माण, पुनःनिर्माण, विकास, विस्तार तथा मर्मतसम्भार गर्ने सम्पूर्ण अधिकार नेपाल नागरिक उड्डयन प्राधिकरणलाई मात्र दिइएको तर निजी क्षेत्रको एकल लगानीमा निजी हेलीपोर्ट निर्माण तथा सञ्चालन गर्न पाउने कानूनी व्यवस्था नरहेकोसमेत प्राधिकरणले जनाएको छ।

# सार्वजनिक सम्पत्तिको दुरूपयोग गर्नु हुँदैन : रास्वपा

काठमाडौं, १३ असार/रासस

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले भरतपुर महानगरपालिकाले सडकमा बनाइएको घण्टी चिह्नप्रति सार्वजनिक गरेको सूचनाको समर्थन गरेको छ।

सो पार्टीले समर्थन गर्दै आफ्नो पार्टीको चिह्न सडकमा बनेबाट पर्न गएको असुविधाका लागि क्षमा याचनासमेत मागरेको छ। रास्वपाले आज विज्ञप्ति जारी गरी मुलुकका विभिन्न स्थानमा पनि राष्ट्रिय स्वतन्त्र पार्टीका सदस्य, समर्थक तथा शुभेच्छुकले पार्टीको चुनाव चिह्न सार्वजनिक सम्पदामा बनाउने कार्य भएकोप्रति पार्टीको विशेष ध्यानाकर्षण भएको जनाएको छ।

"राजनीतिक वा कुनै पनि बहानामा सार्वजनिक सम्पत्तिको दुरूपयोग गर्नु हुँदैन भन्ने पार्टीको स्पष्ट मान्यता रहेको सम्बन्धित सबैलाई स्मरण गराउँदै पार्टीको नीति तथा मान्यताबाट बाहिर गएर सार्वजनिक सम्पत्तिको दुरूपयोग नगर्न यही सूचनामार्फत सचेत गराउँदछौं", विज्ञप्तिमा भनिएको छ। पार्टीप्रतिको लगाव वा अन्य कुनै पनि बहानामा पार्टीको चुनाव चिह्न वा पार्टीको पहिचानसँग सम्बन्धित कुनै पनि सामग्री सार्वजनिक सम्पदाको दुरूपयोग गरेर बनाउने कार्य नगर्न नगराउनुहुन तथा गरिएको भएमा साविकै अवस्थामा ल्याइदिनु हुन पार्टीको देशैभरका सदस्य, समर्थक तथा शुभेच्छुकमा पार्टीको हार्दिक अनुरोध छ।

रास्वपाले अति राजनीतिकरण र दलतन्त्रले जर्जर भएको अवस्थामा पुनः पुरानै ढाँचाका त्यस्ता गतिविधि नगरी सार्वजनिक सम्पत्तिको संरक्षण तथा प्रवर्द्धधनमा स्थानीय निकायको कार्यमा रचनात्मक सहयोग गर्न सम्बन्धित सबैमा अनुरोधसमेत गरेको छ।


**माछापालनबाट राम्रो आम्दानी** : सुनसरीको इनरुवा-४ स्थित पोखरीमा माछा मार्दै किसान । यहाँका किसानले माछापालनबाट मनग्ये आम्दानी गर्ने गरेका छन् । तस्वीर: रासस

## फरक समाचार

# स्वस्थ शरीरमा अपेन्डिक्स किन हुन्छ ?

अपेन्डिक्स वा अपेन्डिसाइटिस पेटको आन्द्राको बीच रहने एउटा टुक्रालाई भनिन्छ। यो एक प्रकारको मासुको टुक्रा हो जसको आकार करीब २–४ इन्चसम्म हुन्छ॥ अपेन्डिक्सको एउटा शिरा खुला रहन्छ भने अर्को शिरा बन्द रहन्छ।



चिकित्सकीय भाषामा यसलाई अपिन्डिसाइटिस पनि भनिन्छ। कैयौंपटक भोजनको कुनै कण यसमा पुग्छ र अर्को शिरा बन्द भएको कारण निस्किंदैन। त्यसपछि शुरू हुन्छ अपेन्डिक्सको दुखाइ। यस बिमारीमा अपेन्डिक्स सुन्निन्छ जसले गर्दा पेटमा असहनीय पीडा हुन्छ। यसको कारण व्यक्तिको गलत खानपान मानिन्छ।

वैज्ञानिकले यस दुखाइबारे भन्छन्– यो दुखाइ त्यस स्थितिमा हुन्छ जब आन्द्राबाट मल सजिलै निस्किदैन। यो रोग बिरामीको साथै चिकित्सकको लागि पनि सामान्य हुँदैन किनभने यसको उपचार सजिलो छैन। यसको लक्षणबारे चिकित्सक भन्छन्– पेटको दायाँ भागको तल्लोतर्फ दुखाइ हुन्छ। त्यस स्थानमा छोएपछि दुखाइ झनै बढ्छ। रोगीले दायाँ खुट्टा अगाडि बढाएपछि दुखाइ झनै तीव्र हुन्छ। यस्तो अवस्थामा रोगीको नाडी तेज चल्न थाल्छ र तीव्र ज्वरो हुन्छ।

यस्तो अवस्थामा रोगीको उपचार भएन भने पेटमा एउटा गोला बन्छ। र यही गोला दुई–तीन सातामा फुट्छ र पेटको झिल्ली सङ्क्रमित हुन्छ, जुन गम्भीर स्थिति हो। चिकित्सकका अनुसार यसको उपचार सर्जरीबाट मात्रै सम्भव छ। यसबाट जोगिन फाइबरयुक्त आहार लिने र नियमित व्यायाम गर्नुपर्छ।

# सुत्ने समयमा र्‍याल निस्किनु गम्भीर रोगको सङ्केत

विशेषज्ञका अनुसार मानव शरीरमा अन्य ग्रन्थीको समान र्‍याल ग्रन्थी हुन्छ। जसको काम हरेक समय र्‍यालको निर्माण गर्नु हो। यही र्‍याल भोजन पचाउन निकै मदत गर्छ। किनभने हाम्रो शरीरको लागि र्‍याल ग्रन्थी निकै आवश्यक हुन्छ। यस ग्रन्थीको सम्बन्ध हाम्रो सम्पूर्ण शरीरसँग हुन्छ। विशेषज्ञका अनुसार सुत्ने समय र्‍याल आउनु साधारण कुरा हो तर कुनै परिस्थितिमा यो समस्या निकै गम्भीर साबित हुन सक्छ।



निद्रामा र्‍याल आउनुको कारण विशेषज्ञ भन्छन्– निद्रामा हुँदा हाम्रो अनुहारको नसा आरामको मूडमा हुन्छ। यस्तोमा जब तपाईंको र्‍यालको ग्लैन्ड्स र्‍याल तयार गर्छ तब बग्न थाल्छ किनभने त्यसलाई निल्न सक्दैन। यसको अलावा र्‍याल निस्किनु श्वास नलिकाको सङ्क्रमण सम्बन्धी समस्या पनि हुन सक्छ। जब फ्लुको कारण नाक बन्द हुन्छ तब राति सुत्ने बेलामा मुखबाट साँस फेर्छौं र यस्तोमा मुखबाट र्‍याल बग्न थाल्छ। एलर्जीको कारणले पनि र्‍याल बग्छ।

घाँटीको पछाडि टोन्सिल्स ग्लैन्ड्स हुन्छ, जुन सुन्निएपछि टोंन्सिलाइटिस हुन्छ। सुजनको कारण घाँटीको बाटो साँघुरिन्छ, र्‍याल घाँटी तल जान पाउँदैन र मुखबाट बग्न थाल्छ। यस्ता कैयौं समस्याले निद्रामा मानिसको मुखबाट र्‍याल बग्न थाल्छ।

# घमौराको कारण ?

गर्मीसँगै छालासम्बन्धी विभिन्न रोगको आगमन हुन्छ, जसमध्ये घमौरा पनि हो। घमौरा आएपछि छाला बिझाउने, चिलाउने समस्या हुन्छ। यो समस्या बच्चा र वयस्कमा तब देखिन्छ जब उनीहरूको छालामा पसिना हुन्छ। घमौरा टाउको, पिठ्युँ, घाँटी, हात र तिघ्रामा आउँछ। घमौरा बढीजसो तातो र नमी स्थितिको कारणले हुन्छ। विशेषज्ञका अनुसार घमौरा तब हुन्छ जब पसिना निस्किने छिद्र बाधित हुन्छ। यस्तोमा पसिना वाष्पित हुनुको सट्टा छालाभित्र रोकिन्छ र त्यसपछि छालामा सुजन र दाना वा रातो फोका उत्पन्न गर्छ। तर यो स्पष्ट रूपले भन्न सकिंदैन पसिना निस्किने छिद्र किन बाधित हुन्छ। यसको लागि तातो मौसम पनि जिम्मेवार हुन्छ।



गर्म र नम मौसममा पनि घमौराको समस्या हुन सक्छ। यो हुनुको अर्को कारण शारीरिक गतिविधि पनि हो। कैयौंपटक कठिन कसरत, कडा मेहनत गर्दा बढी पसिना भएपछि छालामा रातो फोका निस्किन्छ। घमौराबाट जोगिन पाउडर वा घरेलु उपचार गर्न सकिन्छ। यसको अलावा घ्यूकुमारीको जेल प्रयोग गर्न सकिन्छ। साथै चन्दनको लेप लगाएर पनि घमौराबाट मुक्ति पाउन सकिन्छ। मुल्तानी माटोमा गुलाब जल मिलाएर यसको पेस्ट लगाउन सकिन्छ। घमौराले घोच्छ भने बर्फ पनि प्रयोग गर्न सकिन्छ। यदि धेरै घमौरा आएको छ भने विशेषज्ञको सल्लाह लिन सकिन्छ।

# पानीको प्रकार

यात्रा गर्ने बेलामा हामीले पानीको बोतल अवश्य किन्छौं। तर कुनै बोतलमा प्युरिफाइड वाटर लेखिएको हुन्छ भने कसैमा डिस्टिल्ड वाटर, स्प्रिङ वाटर र कुनैमा मिनरल वाटर लेखिएको हुन्छ। र, यी सबैमा धेरै अन्तर हुन्छ।

प्युरिफाइड वाटर बढीजसो पैक्ड पानीको बोतलमा लेखिएको हुन्छ। यो पानीलाई रिजर्भ ओसमोसिस प्रक्रियाबाट सफा गरिन्छ। त्यस्तै, डिस्टिल्ड वाटर भनेको डिस्टिलेसनबाट सफा गरिन्छ। यो पानी सफा गर्ने सबैभन्दा पुरानो तरीकामध्ये एक हो। यसमा पानीलाई उमालेर र वाफलाई चिसो गरेपछि पाइने सफा पानीलाई बोतलमा भरिन्छ अर्थात् यो पानी सय प्रतिशत शुद्ध र सुरक्षित हुन्छ।

स्प्रिङ वाटर भनेको झर्ना वा कुनै प्राकृतिक भूमिगत स्रोतको पानी हो। यसलाई टैप वाटरभन्दा पनि प्राकृतिक मानिन्छ। मिनरल वाटरमा क्याल्सियम, पोटासियम र आइरनजस्ता तत्त्व घोलिएका हुन्छन्। जब बोतलको पानीमा २५० पिपिएम (पार्ट्स पर मिलियन) मिनरल घोलिएको हुन्छ, तब त्यसलाई मिनरल वाटर भनिन्छ। हरेक कम्पनीको प्याकेज्ड वाटरको गुणवत्ता अलग हुन्छ, तसर्थ आफूलाई आवश्यकता अनुसार पानी छान्नुपर्छ। – प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

# अन्तर्राष्ट्रिय समाचार

## एक महीनामा ७४ हजारभन्दा बढी अफगान आप्रवासी इरानबाट फर्किए

काबुल, १३ असार/एएनआई

गत महीना ७४ हजारभन्दा बढी प्रान्तीय अधिकारीले सो जानकारी दिएको खामा प्रेसले जनाएको छ।



तस्वीरः एएनआई

अफगान आप्रवासी इरानबाट सिल्क रोड क्रसिङ पोइन्ट हुँदै स्वदेश फर्कका छन्।

पश्चिमी निमरोज प्रान्तको शरणार्थी र स्वदेश फिर्ता विभागका तालिबानका निमरोज प्रान्तको शरणार्थी र स्वदेश फिर्ता प्रान्तका प्रान्तीय प्रमुख मौलवी अब्दुल्लाह रियाजले विगत दुई हप्तामा इरानबाट १,१०६ परिवार र ६९,२५९ व्यक्तिसहित कम्तिमा ७४,३६० व्यक्ति स्वदेश फर्केको बताएका छन्।

आधिकारिक स्रोतका अनुसार गत दुई दिनमा तोर्खाम क्रसिङ प्वाइन्ट हुँदै पाकिस्तानबाट २३० अफगान परिवार फर्केका छन्।

इरान र पाकिस्तानबाट अफगान शरणार्थीको स्वदेश फिर्ती पछिल्लो समयमा असाधारणरूपमा बढेको छ जुन उत्पीडन, स्वेच्छाचारी नजरबन्द र आयोजक देशमा गैरकानूनी अफगान नागरिकलाई निर्वासनजस्ता विभिन्न कारकसँग जोडिएको छ।

अगस्त २०२१ मा पूर्वअफगान सरकारको पतनपछि हजारौं कमजोर अवस्थामा रहेका अफगान परिवार तालिबानद्वारा मृत्युको धम्की र त्रासले छिमेकी देश इरान र पाकिस्तान सरेका थिए। अफगान शरणार्थी स्वेच्छाचारी नजरबन्द, दुर्व्यवहार, कैद र जबर्जस्ती निर्वासनलगायत कारणले निर्वासनमा रहेका देशमा गम्भीर चुनौतीको सामना गरिरहेको पनि खामा प्रेसले उल्लेख गरेको छ। रासस

## युक्रेनको क्रामाटोर्स्कमा रूसी मिसाइल प्रहार, बालकसहित चारजनाको मृत्यु

कीभ, १३ असार/एएनआई

पूर्वी युक्रेनको क्रामाटोर्स्कको मध्यभागमा रूसी क्षेप्यास्त्र प्रहार हुँदा मङ्गलवार साँझ एकजना बालकसहित कम्तीमा चारजनाको मृत्यु भएको छ भने अन्य धेरै घाइते भएका छन्।

डोनेट्स्क क्षेत्रका सैन्य प्रशासन प्रमुख पाभ्लो किरिलेन्कोका अनुसार आक्रमण साँझ करीब ७:३० बजे भएको थियो।

"हामी अहिले शहरमा घाइते र मृतकको सङ्ख्या निर्धारण गर्ने काम गरिरहेका छौं। यो शहरको केन्द्र हो। यी सर्वसाधारणको भीड हुने सार्वजनिकरूपमा खाने ठाउँ थिए"–उनले भनेका छन्।

अधिकारीलाई उद्धृत गर्दै सिएनएनले दोस्रो मिसाइल आक्रमण शहरको बाहिरी भागमा रहेको एउटा गाउँमा भएको बताएको छ।

युक्रेनका आन्तरिक मामिलामन्त्री इहोर क्लाइमेन्कोले टेलिग्राम टिप्पणीमा



तस्वीरः फाइल

भनेका छन्–"रूसले जानाजानी भीडभाड भएका क्षेत्रलाई लक्षित गरेको छ।"

सन् २०२२ फेब्रुअरी २४ मा शुरू भएको रूस–युक्रेन युद्धले धेरैको ज्यान लिइसकेको छ र अहिले पनि दुई राष्ट्रबीच युद्ध जारी छ।

## पचास प्रतिशतभन्दा बढी पाकिस्तानी गुणस्तरीय शिक्षाको लागि आशावाद

इस्लामाबाद, १३ असार/सिन्हवा

हालैको एक अध्ययनले ५० प्रतिशत भन्दा बढी पाकिस्तानीले हालको शिक्षाले युवाहरूलाई भविष्यमा एक आदर्श जागीर पाउन धेरै मदत गर्न सक्ने विश्वास गरेका छन्।

मङ्गलवार जारी ग्यालप र गिलानी पाकिस्तानको राष्ट्रिय सर्वेक्षणमा देशभरका वयस्क पुरुष र महिलाको राष्ट्रिय प्रतिनिधि नमूनालाई प्रश्न सोधिएको थियो–"तपाईंको विचारमा युवाहरूको वर्तमान शिक्षाले उनीहरूलाई आदर्श बनाउन कत्तिको मदत गर्न सक्छ? भविष्यमा कस्तो जागीर मिल्न सक्छ?"



यस्ता प्रश्नको जवाफमा सर्वेक्षणले ५३ प्रतिशतले गुणस्तरीय शिक्षाले मदत गर्ने बताएका छन्।

यसैगरी २४ प्रतिशतले केही हदसम्म मदत गर्ने प्रतिक्रिया दिएका छन् जबकि १६ प्रतिशतले यसले कुनै मदत नगर्ने धारणा राखेका छन् त्यस्तै ७ प्रतिशतले कुनै प्रतिक्रिया दिएनन्। रासस

### आजको राशिफल

| | |
|---|---|
| मेष – यात्रालाभ | वृष – शत्रुपराजय |
| मिथुन – सुसमाचार | कर्कट – भयचिन्ता |
| सिंह – मित्रमिलन | कन्या – धनलाभ |
| तुला – सुयश | वृश्चिक – खर्चवृद्धि |
| धनु – धनलाभ | मकर – सफलता |
| कुम्भ – राज्यलाभ | मीन – रोगभय |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

### रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ।
बिल, बूक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फ्लेक्स, ब्यानर
प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com



**चामे बजार र छेउमा बगेको मरस्याङ्दी नदी** : मनाङ सदरमुकाम चामे माथिको आकाश बादलले छोपेको छ भने बादलमुनिको हरियो पहाड र बजारको छेउ हुँदै बगेको मर्स्याङ्दी नदी र पानीको सतहले छुनै लागेको मोटर पुल। तस्वीरः रासस

## आर्थिक गतिविधि अध्ययन प्रतिवेदन सार्वजनिक

काठमाडौं, १३ असार/रासस

आर्थिक गतिविधि अध्ययन प्रतिवेदन सार्वजनिक भएको छ। नेपाल राष्ट्र बैंकले चालू आर्थिक वर्ष २०७९/८० को साउनदेखि पुससम्मको तथ्याङ्कमा आधारित अर्धवार्षिक आर्थिक गतिविधि अध्ययन गरेर मङ्गलवार प्रतिवेदन सार्वजनिक गरेको हो।

चालू आर्थिक वर्षको पुस मसान्तसम्म प्रमुख कृषि बाली (खाद्य तथा अन्य बाली र तरकारी एवं फलफूल तथा मसला) को उत्पादन ४.३ प्रतिशतले बढेको छ। यस्ता बालीले ढाकेको भूक्षेत्र भने २.१ प्रतिशतले घटेको छ।

खाद्य तथा अन्य बालीको उत्पादन मात्र ५.७ प्रतिशतले बढेको छ। त्यस्तै तरकारी तथा बागवानीको उत्पादन ४.५ प्रतिशतले बढेको छ। फलफूल र मसलाको उत्पादन क्रमशः ५.२ प्रतिशत र ८.४ प्रतिशतले घटेको छ।

प्रतिवेदन अनुसार पशुजन्य उत्पादन अन्तर्गत दूध उत्पादन १.४ प्रतिशत र मासु उत्पादन १.७ प्रतिशतले वृद्धि भएको छ। त्यस्तै अर्धवार्षिक अवधिमा अन्डा





तस्वीरः फाइल

उत्पादन २६.३ प्रतिशतले घटेको छ। वनजन्य उत्पादन अन्तर्गत काठ उत्पादन १६.२३ प्रतिशतले र औषधिजन्य वस्तुको उत्पादन ७.४ प्रतिशतले बढेको प्रतिवेदनमा उल्लेख छ।

चालू आर्थिक वर्षको पुस मसान्तसम्म उद्योगको क्षमता उपयोग औसतमा ४३.७ प्रतिशत रहेको छ। यो अवधिमा बैंक तथा वित्तीय संस्थाले प्रवाह गरेको कुल कर्जामा औद्योगिक क्षेत्रमा प्रवाह भएको कर्जाको अंश २७.९ प्रतिशत रहेको छ।

पुस मसान्तसम्म घरजग्गा रजिस्ट्रेशन सङ्ख्या ५०.०३ प्रतिशतले घटेर एक लाख ९६ हजार ५९५ कायम भएको र जग्गा रजिस्ट्रेशनबाट प्राप्त हुने राजस्व रु नौ अर्ब ९० करोड पुगेको प्रतिवेदनमा जनाइएको छ। घर तथा भवनको स्थायी नक्शा पास सङ्ख्या ३७.५ प्रतिशतले घटेको छ।

विसं २०७८ पुस मसान्तको तुलनामा २०७९ पुस मसान्तसम्म बैंक तथा वित्तीय संस्थाको निक्षेप ९.१ प्रतिशतले र कर्जा प्रवाह ४.१ प्रतिशतले वृद्धि भएको छ। बैंक तथा वित्तीय संस्थाको कुल निक्षेप र कर्जामा बागमती प्रदेशको अंश क्रमशः ६९.४ प्रतिशत र ५५.६ प्रतिशत रहेको छ। निक्षेप र कर्जामा कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम क्रमशः १.२ प्रतिशत र १.२ प्रतिशत रहेको छ।

विसं २०७८ पुस मसान्तको तुलनामा २०७९ पुस मसान्तसम्म दर्ता भएका कुल सवारीसाधनको सङ्ख्या ४.१ प्रतिशतले वृद्धि भएको छ। पूर्वाधार क्षेत्रमा चालू आर्थिक वर्षको पहिलो छ महीनासम्म ३४,०७५ किलोमिटर सडक र ३,०१८ पुल निर्माण भएको प्रतिवेदनमा उल्लेख छ।

यो अवधिसम्म अन्तर्राष्ट्रिय उडानतर्फ तीनवटा नेपाली वायुसेवा र २९ वटा विदेशी वायुसेवा गरी ३२ वटा वायुसेवा कम्पनीले विभिन्न गन्तव्यमा उडान सञ्चालन गरिरहेका छन्। सबै मौसममा सञ्चालनमा रहने विमानस्थलको सङ्ख्या ३३ रहेको छ।

### ललिता निवास ....

रहेका छन्। देउजा मालपोत कार्यालय डिल्लीबजारका तत्कालीन प्रमुख र कपाली कर्मचारी हुन्।

विसं २०४९ देखि २०६९ सम्म सरकारको स्वामित्वमा रहेको बालुवाटारस्थित ललिता निवासको जग्गा विभिन्न व्यक्तिका नाममा नामसारी भएको फेला परेको थियो। सोही प्रकरणमा सिआइबीले अनुसन्धान गरिरहेको छ।

ललिता निवास प्रकरणमा यस अघि तीन सय जनालाई प्रतिवादी बनाएर ब्युरोले जिल्ला सरकारी वकिलको कार्यालयमा प्रतिवेदन बुझाएको थियो तर सरकारी वकिलको कार्यालयले थप अनुसन्धान गर्नुपर्ने जनाउँदै फाइल फिर्ता पठाएको थियो। त्यसपछि सिआइबीले पुन अनुसन्धान थालेको हो। उक्त घटनाको सन्दर्भमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले दायर गरेको मुद्दा विचाराधीन रहेको छ।

### ललिता निवास जग्गा ...

मेलमिलाप आयोगको विधेयक टेबुल गरिसकेको भन्दै अर्को अधिवेशन नकुरी यो संवेदनशील विषयलाई टुङ्गो लगाउन सभामुखमार्फत सरकारको ध्यानाकर्षण गराए।

साथै सङ्घीय निजामती कर्मचारी सेवा ऐन, सङ्घीय शिक्षक ऐन, सङ्घीय प्रहरी समायोजन ऐनलगायत महत्त्वपूर्ण विधेयक चालू अधिवेशनबाट सम्पन्न गरी सङ्घीयताको प्रभावकारी कार्यान्वयनको सन्देश दिनेगरी काम गर्न माग गरे।

सांसद मानवीर राईले सोलुखुम्बुको सल्लेरीमा किराँती समुदायले चन्दा उठाएर ११ रोपनी जग्गा खरीद गरी किराँत सङ्ग्रहालयका लागि क्रमगत योजना र बजेट परेको तर, यो वर्ष बजेट कटौती गरिएको जनाउँदै बजेट व्यवस्था गर्न आग्रह गरे। साथै सल्लेरीबाट खुम्बुसम्म जाने पदमार्गका लागि बजेट विनियोजन गर्न पनि उनले माग गरे।

सांसद मेनुका कुमारी पोखरेलले बर्खा लागेसँगै किसान खेतीपातीको चटारोमा रहेका र मलखाद नपाएर भौंतारिइरहेका जनाउँदै पर्याप्त मलखादको व्यवस्था मिलाउन सरकारको ध्यानाकर्षण गराइन्।

सांसद मैना कार्कीले संविधानमा मौलिक हकका रूपमा व्यवस्था भएको नागरिकले आफ्नै जिल्लामा विशेषज्ञ चिकित्सकबाट कहिले स्वास्थ्य सेवा पाउँछन् भनी सरकारसँग प्रश्न गरिन्। सांसद मङ्गलप्रसाद गुप्ताले सङ्घीय निजामती कर्मचारी ऐन नहुँदा सङ्घीयता कार्यान्वयनमा असर परेको, कर्मचारी व्यवस्थापन नहुँदा सुशासन खस्केको र भ्रष्टाचार र अनियमितता बढेको भन्दै तत्काल उक्त ऐन बनाएर लागू गर्न माग गरे।

सांसद रघुजी पन्तले अहिले दैनिकजसो पटक–पटक बिजुली जाने गरेको जनाउँदै उत्पादित विद्युत् खपत र बिक्री वितरणमा सम्बन्धित निकायको ध्यानाकर्षण गराए।

सांसद रणकुमारी बलम्पाकी मगरले त्रिपुरेश्वरस्थित विश्व निकेतन स्कूल नजीकै राहदानी विभाग परिसरमा सयौंले खैनी चुरोट खाएर पानीका बोतल जथाभावी फालेको र यसले विद्यालय शान्ति क्षेत्रको अवधारणाको खिल्ली उडाएको जनाउँदै कि विभागभित्रै लाइन लगाउने कि अनलाइनमार्फत घरघरमा राहदानी पुऱ्याउने व्यवस्था मिलाउनुपर्छ भनिन्।

सांसद रणेन्द्र बराइलीले गायक प्रकाश सपूतलाई गत हप्ता रोमानियामा आयोजित कार्यक्रमकै बीच बोतल प्रहार गरी घाइते बनाउनु गम्भीर विषय रहेको भन्दै यस्ता गतिविधिमा संलग्न अपराधीलाई सम्बन्धित मुलुकमा कूटनीतिक पहलमार्फत कानूनी कारबाही गर्न सरकारसमक्ष माग गरे।

सांसद रमा कोइराला पौडेलले विसं २०७० मा वैदेशिक रोजगारका लागि मलेशिया गएका जुम्ला हिमा गाउँपालिकाका यामलाल परियारको मलेशियामा निधन भएको जनाउँदै उनको शवसँगै बीमालगायत सम्पूर्ण सुविधासहित स्वदेश ल्याउन पहल गरिदिन आग्रह गरिन्।

# बकैयापुल संरक्षण गर्न तारजाली लगाउँदै सडक कार्यालय

## नदीजन्य पदार्थको अचाक्ली उत्खननका कारण ड्याम पुल उच्च जोखिममा

प्रस, निजगढ, १३ असार/

बकैया पुल जोगाउन सडक डिभिजन कार्यालय, हेटौंडाले आन्तरिक स्रोतबाट तारजाली लगाउन शुरू गरेको छ। पुलको पानी बग्ने भागमा रहेको तारजाली र सिमेन्टेड स्ल्याब भत्केपछि पुललाई संरक्षण गर्न तारजाली लगाउन शुरू गरिएको सडक डिभिजन कार्यालय हेटौंडाका प्रमुख राजेश यादवले बताए।

पूर्व-पश्चिम महेन्द्र राजमार्ग सडकखण्डको निजगढस्थित बकैया पुल वर्षौंदेखि उच्च जोखिममा रहेकोले पुल संरक्षणका लागि सम्बन्धित माथिल्लो निकायमा रकम माग गर्दा नपाएपछि आन्तरिक स्रोतबाट तारजाली लगाउन शुरू गरिएको प्रमुख यादवले बताए।

उनका अनुसार १५० घनमिटर तारजालीमा ढुङ्गा भर्न करीब ८ लाख ५० हजार रकम आन्तरिक स्रोतबाट जोहो गरी कार्य शुरू गरिएको हो।



निजगढ नपास्थित बकैयापुल संरक्षणका लागि तारजाली लगाउँदै सडक डिभिजन कार्यालय हेटौंडा। तस्वीरः जीतलाल श्रेष्ठ

बकैया खोलामा वर्षौंदेखि ठेक्का लगायत अनेकौं नाउँमा नदीजन्य पदार्थ उत्खनन भइरहँदा पुल र आसपासका तारजालीको तटबन्ध र सिमेन्टेड पक्की स्ल्याब पूर्णरूपमा भत्केको छ। स्थानीय तहले खोला ठेक्काबापत वार्षिक न्यूनतम ९ करोडदेखि १६/१८ करोड सम्म ठेक्का लगाए पनि तटबन्ध, ड्याम संरक्षणमा कुनै लगानी गरेको छैन।

सो ड्याम तत्कालीन सोभियत सङ्घले पूर्व-पश्चिम महेन्द्र राजमार्ग निर्माणका बखत बनाएका थिए। पूर्ण रूपमा तटबन्ध, ड्याम निर्माण गर्न करीब ५० करोडभन्दा बढी लाग्ने देखिन्छ।

यसरी नदीजन्य पदार्थको उत्खनन, दोहनका कारण करोडौंको तटबन्ध, ड्याममा क्षति पुगे पनि न स्थानीय तह, न प्रदेश सरकार, न सङ्घीय सरकारकै ध्यान जान सकेको छ। जसले गर्दा राजमार्गको लाइफ-लाइन बकैया, पसाह, बालगङ्गा पुल उच्च जोखिममा रहेका छन्।

तटबन्ध, ड्याम निर्माण सम्पन्न नगरी नगरपालिकाले खोलाका ठेक्का लगाउन नहुने एकथरीको भनाइ छ। बेलैमा तटबन्ध निर्माण नगर्ने हो भने निजगढ नपाको वडा नं. ८ को बकैयाटोल, खयरघारी, जमुनापैनी, तेस्रोलाइन, नदीकाट आसपासका १५ सय भन्दा बढी घरधुरी बाढीको उच्च जोखिममा पर्छन्।


**गर्मी एवं वर्षात्को समयमा लामखुट्टेबाट सर्ने रोगबाट बचौं।**

**औलो (मलेरिया), डेंगी ज्वरो, कालाजार, जापानिज इन्सेफलाइटिस जस्ता सङ्क्रामक रोग लामखुट्टेको टोकाइबाट हुने गर्छ।**

**यसबाट बच्न,**

- झुल लगाएर सुत्ने,
- पूरा शरीर ढाक्ने गरी लुगा लगाउने,
- शरीरका खुल्ला अङ्गमा लामखुट्टेको टोकाइबाट बच्ने मलम लगाउने,
- घरको झ्याल तथा ढोकामा जाली राख्ने,
- घरवरिपरि, बगैंचा र सार्वजनिक स्थानमा पानी जम्न नदिने र खाल्डाखुल्डी पुर्ने,
- ढल, नाला खुल्ला नराख्ने,
- पोखरी, दह तथा नालाहरूमा लामखुट्टेको लार्भा खाने माछा पाल्ने,
- सुङ्गुर, बङ्गुर, हाँस, घोडाजस्ता पशुपछीहरू व्यवस्थित ढङ्गले पाल्ने,
- मानिस बस्ने घरभन्दा पशुपछीको खोर टाढा राख्ने।

नेपाल सरकार
विज्ञापन बोर्ड







# खेलकूदको संसार

## दोस्रो रामनारायण मिश्र फूटबलः रौतहट र सिराहा सेमिफाइनलमा

प्रस, वीरगंज, १३ असार/

रौतहट र सिराहा जिल्ला फूटबल सङ्घ बाराको सिमरामा जारी दोस्रो रामनारायण मिश्र फूटबल प्रतियोगिताको सेमिफाइनलमा प्रवेश गरेका छन्।

सिमरा रङ्गशालामा हिजो राति सम्पन्न खेलमा धनुषा र सप्तरी जिल्ला फूटबल सङ्घलाई पराजित गर्दै सिराहा र रौतहट सेमिफाइनलमा प्रवेश गरेका हुन्। पहिलो खेलमा सप्तरीलाई एकका विरुद्ध तीन गोलले पराजित गर्दै सिराहा सेमिफाइनलमा प्रवेश गरेको थियो। सिराहाका सुजन मगर, अनिल मगर र उद्धव घलेले समान एक/एक गोल गरेका थिए।




सप्तरीका नीरज चौधरीले मात्र एक गोल गरे। प्रतियोगितामा सिराहाका अमन लामा म्यान अफ द म्याच घोषित भए। उनलाई इलाका प्रहरी कार्यालय सिमराका प्रहरी नायब उपरीक्षक प्रदिपबहादुर क्षत्रीले नगद रु २५०० सहित ट्रफी प्रदान गरेका थिए।

हिजै राति सम्पन्न अर्को खेलमा धनुषालाई शून्यका विरुद्ध एक गोलले पराजित गर्दै रौतहट जिल्ला फूटबल सङ्घ सेमिफाइनलमा प्रवेश गरेको थियो। रौतहटका सन्देश चौधरीले गरेको एक गोल निर्णायक बन्यो। रौतहटका गोलरक्षक मिरोज धामी म्यान अफ द म्याच घोषित भए। उनलाई पनि इलाका प्रहरी कार्यालय, सिमराका प्रहरी नायब उपरीक्षक क्षत्रीले नगद रु २५०० सहित ट्रफी प्रदान गरेका थिए।

प्रतियोगिता अन्तर्गत आज बुधवार राति पनि दुईवटा खेल हुँदैछ। पहिलो अन्तिम क्वार्टर फाइनलमा सर्लाही र सप्तरी जिल्ला फूटबल सङ्घबीच र दोस्रो पहिलो सेमिफाइनलमा बारा र सिराहा जिल्ला फूटबल सङ्घबीच हुनेछ। मधेस प्रदेश फूटबल सङ्घको आयोजना तथा बारा जिल्ला फूटबल सङ्घको सहआयोजनमा सोमवारदेखि शुरू भएको र असार १६ गतेसम्म सञ्चालन हुने प्रतियोगितामा प्रदेशका आठवटै जिल्लाका टिमहरू सहभागी छन्।

## थाइल्यान्डलाई पराजित गर्दै नेपाल सेमिफाइनलमा प्रवेश

काठमाडौं, १३ असार/रासस

मलेशियामा जारी एसिसी पुरुष यु-१६ इस्टर्न जोन कप क्रिकेटको पहिलो खेलमा नेपाल, थाइल्यान्डलाई पराजित गर्दै प्रतियोगिताको सेमिफाइनलमा प्रवेश गरेको छ।

मलेशियाको बाँगीमा आज भएको खेलमा नेपाल, थाइल्यान्डलाई २२५ रनको फराकिलो अन्तरले पराजित गर्दै प्रतियोगिताको सेमिफाइनलमा पुगेको हो।




योसँगै प्रतियोगितामा दोस्रो हार बेहोरेको थाइल्यान्ड प्रतियोगिताको समूह चरणाबाट बाहिरिएको छ। थाइल्यान्ड पहिलो खेलमा घरेलु टोली मलेशियासँग पराजित भएको थियो।

आजको खेलमा नेपालले थाइल्यान्डलाई जितका लागि २७० रनको लक्ष्य दिएको थियो। जवाफमा थाइल्यान्ड १३.२ ओभरमा सबै विकेट गुमाउँदै ४४ रनमा समेटियो। थाइल्यान्डका लागि ईसान बेर्नोजीले १६ रन बनाए भने ओपनर डानुफोनले १२ रन जोडे। त्यसबाहेक अन्य खेलाडीले दोहोरो अङ्कमा रन बनाउन सकेनन्।

थाइल्यान्डलाई सस्तैमा समेट्ने क्रममा नेपालका सन्तोष यादव एक्लैले पाँच विकेट लिए भने अशोक धामीले ३ तथा कप्तान अभिषेक तिवारीले २ विकेट लिए। त्यस अघि टस जितेर पहिले ब्याटिङ गरेको नेपालले ३५ ओभरमा ८ विकेट गुमाउँदै २६९ रनको योगफल बनाएको थियो। नेपालका ओपनर नीरजकुमार यादवले सर्वाधिक ७४ रनको योगदान दिए भने नरेन भट्टले अविजित ५५ रन बनाए। त्यस्तै सूर्यान्शु कोइरालाले ४० तथा सन्तोष यादवले ४२ रन जोडे।

# लागू औषधसहित युवक पक्राउ

प्रस, वीरगंज, १३ असार/

जिल्ला प्रहरी कार्यालय, पर्साले लागू औषधसहित एकजना भारतीय युवक पक्राउ परेको बताएको छ।




वीरगंज महानगरपालिका-१६ रजत जयन्तीचोकमा, रक्सौलबाट पैदल वीरगंज प्रवेश गरेका रक्सौल डङ्कन अस्पताल एरिया निवासी २० वर्षीय अनिष सिंहको प्रहरीले चेकजाँच गर्दा निजले बोकेको कालो झोलाबाट १४७० पिस नाइट्रोभेट ट्याबलेट बरामद भएको जिप्रका पर्साले जानकारी गराएको छ।

पक्राउ परेका भारतीय युवकलाई आजै पर्सा जिल्ला अदालतमा हाजिर गराएर पाँच दिनको थुना आदेश लिएर थप अनुसन्धान भइरहेको जिप्रका पर्साले जानकारी गराएको छ।

## कुनै विकल्प नभएपछि ...

पर्साका पालिकाहरूमा आयआर्जनका लागि तालीमको व्यवस्था गरिदिन आग्रह गरेको बताए। छलफल कार्यक्रम नेपाल पत्रकार महासङ्घ पर्साका पूर्व अध्यक्ष शत्रुघ्न नेपालको अध्यक्षतामा भएको थियो भने सहजीकरण समाजका जटाशङ्कर पटेलले गरेका थिए।

# उद्यम विकास, वित्तीय व्यवस्थापन तथा अभिलेखीकरण तालीम

प्रमोद यादव, पचगावाँ, १३ असार/

सखुवापरसौनी गाउँपालिका-२ सिरही सथवल माध्यमिक विद्यालयमा १० दिने उद्यम विकास तथा वित्तीय व्यवस्थापन तथा अभिलेखीकरण तालीम तथा वित्तीय व्यवस्थापन तथा अभिलेखीकरण तालीम दिइएको थियो।

सहभागीहरूलाई प्रशिक्षक दीपनारायण राय, सुमन महतो, निशा खाँ थारूलगायतले प्रशिक्षण दिएको




सम्पन्न भएको छ।

सखुवापरसौनी गापाको आयोजनामा भएको कार्यक्रममा वडा नं. २ का वैदेशिक रोजगारबाट फर्केका व्यक्तिहरूका लागि पुनः एकीकरण कार्यक्रम अन्तर्गत वैदेशिक रोजगार बोर्डको समन्वयमा १० दिने उद्यम विकास कार्यक्रम संयोजक ज्योति धमलाले बताइन्।

कार्यक्रम वडाध्यक्ष वासुदेव महतो थारूको अध्यक्षतामा भएको थियो भने अर्का वडाध्यक्ष चिरञ्जीवी महतो थारू, कृषि शाखा प्रमुख दयाराम वाग्ले लगायतले मन्तव्य व्यक्त गरेका थिए।